जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६१ • २०८१ साल कार्त्तिक २१ गते बुधबार (6 November, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### महापर्व छठको आज खरना

# घाटको तयारी अन्तिम चरणमा, बजारमा भारी भीड

**टुडे समाचारदाता**

जनकपुरधाम । सूर्यदेवको पूजा गरिने महाछठ पर्वको 'नहायखाय' मंगलबार सम्पन्न भएको छ । चार दिवसीय लामो महाछठ पर्वको विधिवत प्रारम्भ 'नहायखाय'बाट हुन्छ।

छठ पर्वको व्रत बस्ने व्रतालुहरुले लहसुन, प्याज पहिले देखि नै छाडिसकेका छन् । छठ पर्व मनाइने घरमा आइतबारदेखि मद्यमांसको सेवन बन्द भएको छ। व्रतालुहरुले 'नहायखाय'को साँझ सम्भव भएसम्म सरसोको साग, लौका(सजमन)को तरकारी खाने गर्छन् ।

पवित्र तलाउ, नदी, सरोबरमा स्थानगरी निरामिष भोजन गरेर व्रतको शुभारम्भ गरेका व्रतीहरुले बुधबार दिनभरी उपवास बसी साँझ खरना गर्ने छन् । साँझ मिठा(सख्खर)को खिर, बिभिन्न फलफुल, उखु, तरकारीलगायतका सामग्रीहरु सहित भगवानलाई पूजा गरी परिवारलगायत आफन्तजनहरुले प्रसाद ग्रहण गर्छन् । व्रतालुहरुले खरनाको प्रसाद ग्रहण गरी सकेपछि छठी मइया(षष्ठी) को सँध्या अर्घ र सप्तमीको प्रातःकालिन अर्घका लागि निराहार व्रत बस्छन् । खरनादेखि सप्तमीसम्म व्रतालुहरुले झण्डै ३६ घण्टा उपवास बस्छन् ।

छठ पर्वमा प्रायः घरका श्रेष्ठ महिला उपवास बस्ने गर्छिन् । पुरुषहरु पनि उपवास बस्ने गर्छन् । तर उनीहरु प्रायः अर्घ दिदैनन् । पानीमा उभिएर अस्ताउँदो सूर्यको पूजा र उदाउँदो सूर्यको पूजा पुरुष व्रतालुहरुले पनि गर्छन् । उपवास बस्ने



पुरुषको संख्या भने न्यून हुन्छ ।

छठ पर्वमा परिवारका सबै सदस्यको भूमिका हुन्छ । सबै सदस्यले काम पाएका हुन्छन् । छठ पर्वमा अर्घ दिने पूजा सामग्री घाटसम्म पुऱ्याउने देखि घाट सजाउनेसम्म परिवारका सदस्यहरु जुटेका हुन्छन् ।

छठ पूजा गरिने पोखरी, तलाउ, नदीलगायतका जलाशय सजाउने काम अन्तिम चरणमा पुगेको छ । घाटहरुलाई बेहुलीको घर झैँ सजाइएको छ । जलाशयहरुको साथै वरिपरीको क्षेत्र सरसफाइ गरी सजाइएको छ । हरेक वर्ष छठ पूजाका लागि जलाशायहरु थपिने गरिन्छ ।

आस्थाको महापर्व छठ गर्ने परिवारको संख्या पनि हरेक वर्ष बढ्ने भएकाले जलाशयपनि थपिने गरिएको छ । छठ पर्व आस्था र श्रद्धा पूर्वक मनाइन्छ। जनकपुरधामको गंगासागर, अंगराजसर सागर, धनुषसागर, दशरथ तलाउ, बिहारकुण्डलगायतका सरोवर र तलाउहरु सजाइएको छ ।ग्रामिण भेगमा पनि जलाशयहरु सजाइएको छ ।

केही वर्ष पूर्वसम्म सहरका जलाशयहरुमा मात्र राति घाटमा पूजा सामग्री राखिने गरिन्थ्यो । तर अहिले ग्रामीण भेगमा पनि राति पूजा सामग्री घाटमा नै राखिने गरिन्छ । पछिल्लो समय सहरको भन्दा ग्रामीण भेगमा छठको भव्यता बढेको छ । रातभर जाग्राम र नाचगान ग्रामीण भेगमा हुने गरेको छ । छठ पर्व वीरगञ्जको घडिअर्वा पोखरी, बागमती र कमला नदीमा पनि भव्य रुपमा मनाइन्छ ।

छठ पर्वको तयारी अन्तिम चरणमा पुगेसंगै बजारमा भारी भीड देखिएको छ । पूजा सामग्रीहरु खरिदका लागि श्रद्धालुहरुको ठूलो भीड बजारमा लागेको छ । अबेर रातिसम्म बजारमा कारोबार भएको छ । लत्ताकपडाका पसल, फलफूल, मिठाइका पसलहरुमा श्रद्धालुहरुको भीड लागेको छ । बजारमा बढेको भीडको कारण ट्राफिक व्यवस्थापन समेत प्रभावित भएको छ ।

केरा लगायतका फलफूल र पूजा सामग्रीको रुपमा प्रयोग हुने तरकारीको पनि मूल्य बढेको छ । छठ पर्वमा अधिकांश सामग्री कृषिजन्य हुने गरेको छ । किसानहरुको आफ्नै खेतबारीमा उत्पादित वस्तुहरु छठको मुख्य प्रसाद मानिन्छ । ठेकुवा, भुसुवालगायतका मुख्य प्रसाद पनि किसानको आफ्नै खेतबारीको उत्पादन हो ।

किसानले उब्जाएको उखु, निम्बु, पान, भण्टा, मुला, केरा, नरिवललगायतका वस्तुहरु छठको प्रसाद हुन्छ । भगवान सूर्यको प्रकाश किसानका लागि वरदान भएकाले खेतबारीको पहिलो उत्पादन छठमा अर्घ दिने गरिन्छ ।

विगतमा तराई मधेशमा मात्र मनाइने छठ पर्व अब राष्ट्रिय स्वरुप ग्रहण गरिसकेको छ । नेपाल सरकारले छठ पर्वको अवसरमा एक दिन राष्ट्रिय विदा पनि दिन थालेको छ । देशका तराई, मधेश, हिमाल र पहाडमा समेत छठ पर्व मनाउन थालिएको छ । संघीय राजधानी काठमाण्डुमा समेत छठ पर्व भव्य रुपमा मनाइन्छ ।


## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

**सम्पर्क स्थान**
**नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम**
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्बान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

**सम्पर्क स्थान**
**सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम**
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३







# छठ पर्वको तयारीका बेला एकै वडाका तीन बालिकाको मृत्यु भएपछि जगतपुर टोल शोकमग्न



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कञ्चनरुप नगरपालिका- ४ स्थित त्रियुगा नदीमा डुबेर मृत्यु हुनेको संख्या ३ पुगेको छ । अघिल्लो दिन सोमवार दिउँसो त्रियुगा नदीमा नुहाउन गएकी सोही वडाका श्रवण महतोकी ९ वर्षीया छोरी प्रतिमा र सुरेश सदाकी ८ वर्षीया छोरी जीतनीको डुबेर मृत्यु भएको थियो ।

दुवै जनाको शव सोमबार नै फेला परे पनि संगै गएकी श्याम कुमार खंगकी ८ वर्षीया छोरी काजल भने बेपत्ता थिइन् । प्रहरीका अनुसार मंगलबार विहान काजल पनि मृत अवस्थामा फेला परेको जनाएको छ ।

घटनास्थलबाट करिब एक किलोमिटर टढा ढुंगामा अड्कएको अवस्था काजलको शव फेला परेको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उरिक्षक महेन्द्र नेपालले जानकारी दिए ।

सेना, सशस्त्र र नेपाल प्रहरीको संयुक्त गोताखोर टोलीले सोमबार दिउँसो पनी बेपत्ता काजलको खोजी गरेको थियो । तर साँझ परे पछि रोकिएको खोजी कार्या मंगलबार विहान देखि पुनः सूरु गरिएको थियो । सोही क्रममा काजलको पनि शव फेला परेको प्रहरीले जनाएको छ ।

मृतक सबैको शव पोस्टमार्टमका लागी सदरमुकाम राजविराज स्थित गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याइएको छ ।

यता छठ पर्वको तयारीमा जुटेका बेला तीन जना बालिकाको डुबेर मृत्यु भएपछि अहिले कंचनरुप नगरपालिका ४ जगतपुर टोल शोकमग्न बनेको छ । मृतक परिवारमा रुवावासी चलेको छ भने छरछिमेक सबै घट्नाको खबर सुनेर स्तब्ध छन् ।

# वीरगञ्जमा छठपर्वलक्षित विशेष सुरक्षा योजना बनाइने

वीरगञ्ज । जिल्ला प्रशासन कार्यालयले छठपर्वमा सम्भावित जोखिमलाई मध्यनजर गर्दै विशेष शान्ति सुरक्षा योजना बनाउने भएको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्ला सुरक्षा समितिको बैठक बसेर छठपर्वका लागि आवश्यक सुरक्षा रणनीतिसहित योजना बनाइने बताउनुभयो । "छठपर्वमा विशेष सुरक्षा प्रबन्ध मिलाउनेछौँ," उहाँले भन्नुभयो, "विगतका छठपर्वका जोखिमका विषय के-के हुन्, ती विषयलाई सम्बोधन गर्ने गरी सुरक्षा योजना बनाएर अघि बढ्नेछौँ ।" प्रजिअ अर्यालले जिल्लाका सुरक्षा निकायसँगै नगरप्रहरीसँग पनि समन्वय गरेर अघि बढ्ने बताउनुभयो ।

वीरगञ्ज महानगरभित्र घडीअर्वा पोखरी, रानीघाट छपकैयाको छठघाट, माईधिया पोखरी, नगवा पोखरी, सोलकपुर चोर्नी र परसवाको छठघाटमा विशेष सजावट र डेकोरेसन गरेर छठपर्व मनाइदैंछ । वीरगञ्जमा सबैभन्दा धेरै दर्शनार्थी तथा अवलोकनकर्ता घडीअर्वा पोखरीमा आउने गर्छन् । त्यसैले घडीअर्वा पोखरीको सुरक्षा चुनौती प्रमुख हुने गर्छ । घडीअर्वा पोखरी छठपूजा व्यवस्थापन समिति अन्तर्गतको सुरक्षा उपसमितिका संयोजक मनोहर गुप्ताले घडीअर्वा पोखरीमा करिब एक लाख ५० हजार भन्दा धेरै अवलोकनकर्ता आउने भएकाले सुरक्षा चुनौती मुख्य रहने बताउनुभयो ।



छठपर्व कात्तिक शुक्ल चतुर्थी अर्थात आजदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ । छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ताले घडीअर्वा पोखरीको शान्ति सुरक्षाको लागि २० थान सीसी क्यामेरा जडान गरिसकेको जानकारी दिनुभयो । "यहाँ विशेष गरी कात्तिक २२ गते अस्ताउँदो सूर्यलाई अर्घ्य दिने बेला र २३ गते उदाउँदो सूर्यलाई अर्घ्य दिने बेला निकै सावधानी अपनाउन आवश्यक देखिन्छ," उहाँले भन्नुभयो ।

छठघाट परिसरमा दमकल, एम्बुलेन्स, स्वास्थ्यकर्मी लगायतको टोली खटाइनेछ । प्रजिअ अर्यालले विगतका वर्षमा जस्तै यो वर्ष पनि पर्सा जिल्लामा छठपर्व शान्तिपूर्ण वातावरणमा मनाउने गरी आवश्यक तयारी भइरहेको बताउनुभयो । सशस्त्र प्रहरी बल पर्साका प्रमुख राधेश्याम धिमालले घडीअर्वा पोखरीमा उद्धारसहितका टोली परिचालन गरिने बताउनुभयो । जिल्ला प्रहरी प्रमुख कुमोध ढुङ्गेलले छठ पर्वका लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध मिलाइने बताउनुभयो ।

**छठका पाँच सय विपन्न बर्तालुलाई साडी प्रदान**

गोलबजार नगरपालिका-१२ का समाजसेवी सुबोध सिंहले छठका पाँच सय विपन्न महिला बर्तालुलाई साडी प्रदान गर्नुभएको छ ।

छठ सामाजिक एकता र सद्भावको प्रतीक भएकाले यसलाई उल्लासमय बनाउन विपन्न परिवारका महिलालाई सहयोग गरेको उहाँले बताउनुभयो । बेतौता मठका महन्थ लक्ष्मण दासको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जनता माध्यमिक विद्यालय गोलबजारका पूर्वप्रधानाध्यापक रशिक विहारी पाल, वडाअध्यक्ष गणेश मुखिया, विभिन्न दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवीको उपस्थिति थियो ।रासस

# कोप-२९ : नेपालले उच्चस्तरीय बैठकको आयोजना गर्दै

काठमाण्डु । नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप-२९)मा 'एजेण्डा' लाई उठान गर्न विभिन्न तयारी गरेको छ ।यही नोभेम्बर ११ देखि २२ तारिख (कात्तिक २६ देखि मङ्सिर ७ गते) सम्म अजरबैजानको बाकुमा हुने कोप-२९ सम्मेलनमा नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको नेृतत्वमा सहभागिता जनाउँदैछ । उहाँले उद्घाटनका अवसरमा आयोजना हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'मा सम्बोधन गर्नुहुनेछ ।




यसका साथै नेपालले आफ्ना एजेण्डा माथि विश्वको ध्यानाकर्षण गराउन नोभेम्बर १३ तारिखमा राष्ट्रपति पौडेलको नेतृत्वमा छुट्टै उच्चस्तरीय सत्र सञ्चालन गर्ने तय भएको वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जानकारी दिनुभयो । सम्मेलनकक्षमै अलग कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकारले युएनएफसिसिसी सचिवालयबाट अनुमतिप्राप्त गरिसकेको छ ।

मन्त्री शाहीका अनुसार यसपटकको सम्मेलनमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन' विषयक उच्चस्तरीय बैठकको आयोजना हुने छ । बैठकमा संयुक्त राष्ट्रसङ्घका प्रतिनिधि, पर्वतीय मुलुकका प्रमुख तथा प्रतिनिधि, विकास तथा साझेदार निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रतितिधिको सहभागिता रहने जनाइएको छ । कार्यक्रममा नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुर, थामे, काठमाडौँ उपत्यकालगायत क्षेत्रमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढीपहिरो तथा यसबाट भएको क्षतिबारे जानकारी गराउने तयारी गरेको छ ।

कोप-२९ मा नेपालको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउँदै उहाँले सम्मेलनमा हुने सम्बन्धित विषयका सत्र, वार्ता, छलफल र प्राविधिक सत्रमा प्रभावकारी र उपलब्धिपूर्ण सहभागिताका लागि विषयगत विज्ञ समूह बनाइएको बताउनुभयो ।

यसका साथै नेपालले जलवायु परिवर्तनसम्बन्धी विभिन्न महासन्धिको पक्ष राष्ट्र भई आफ्ना प्रतिबद्धता पूरा गर्दै आएको छ । नेपालले सन् २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार गरी कार्यान्वयनसमेत गरिरहेको छ ।गत वर्ष संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा पनि नेपालले हिमालका मुद्दाबारे विश्वको ध्यानाकर्षण गराउन प्रधानमन्त्रीको नेतृत्वमा सम्मेलनकक्षमै उच्चस्तरीय बैठकको आयोजना गरेको थियो ।

नेपालले यसअघि सन् २००९ डेनमार्कको कोपहेगनमा भएको कोप-१५ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको कोप-२४ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा सम्पन्न कोप-२७ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र सन् २०२३ मा संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सहभागिता जनाएको थियो ।

वनसचिव डा दीपककुमार खरालले कोप-२९ को तयारीका लागि मन्त्रालयले राष्ट्रिय मार्गदर्शन तयार गरी सोहीअनुसार कार्य गरेको बताउनुभयो । कोप-२९ सम्मेलन विशेषगरी जलवायु वित्तमा बढी केन्द्रित हुने जानकारी गराउँदै उहाँले भन्नुभयो, "यसबाहेक जलवायुका लक्ष्य हासिल गर्न नयाँ नीति, योजना र कार्यक्रम तय गरेर जानुपर्छ भन्ने छभने अर्कातिर जलवायुका असर न्यूनीकरणका लागि लगानी प्रविधि तथा क्षमता विस्तार गरेर जानुपर्छ भनेर तय भएको छ ।" लाइमेट फाइनान्स' र 'कार्बन क्रेडिट' विषयलाई अन्तिम रुप दिने र रकमको स्रोतसमेत निर्धारण गर्ने काम हुने भएकाले यो सम्मेलन जलवायु वित्तका दृष्टिकोणले महत्त्वपूर्ण हुने बताइएको छ ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले नेपालले कार्बन व्यापार, न्यूनीकरण, अनुकूलन, लैङ्गिक समानता, समावेशीकरण, जलवायु वित्त, क्षमता विकास, पारदर्शिता र सुशाासन, पर्वतीय मुद्दामा विधागत समूह निर्माण गरी प्रदेश तहसम्मका सुझाव लिएर राष्ट्रिय स्थिति पत्र तयार गरिएको बताउनुभयो । मन्त्रालयले कोप-२९ का लागि तयार गरेको राष्ट्रिय स्थिति पत्रमा हानि तथा नोक्सानी, पर्वतीय क्षेत्र र जलवायु वित्तका मुद्दालाई प्राथमिकतामा राखेको उहाँले जानकारी दिनुभयो ।रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, नमुना बस्ती, वार्ड नं. ८, आफ्नो जग्गाको Parking बाट मिति २०८१/७/८ गते करिब राती ८:०० बजे प्रदेश २-०२-००२ प ५६८३ नम्बरको रातो रंगको ईन्जिन नं. DHYRLK70003 चेचिस नम्बर MD2A11CYXLPK41658 को बजाज कम्पनीको Pulser 150 cc मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः फेकु साह तेली**
**ठेगानाः क्षीरेश्वरनाथ न.पा.-८, महेन्द्रनगर, धनुषा**
**मो. नं. ९८५४०२६१७७**

# 'अस्पतालको फार्मेसीमा औषधि छैन भन्नु कानुन विपरीत'

**टुडे समाचारदाता**

राजविराज । जनसंख्या तथा स्वास्थ्य मन्त्री प्रदीप पौडेलले स्वास्थ्य विमाको रकम एक लाखबाट बढाएर पाँच लाख पुऱ्याउने तयारीमा सरकार लागेको कुरा बताएका छन् ।

राजविराज स्थित रामराजा स्थास्थ विज्ञान प्रतिष्ठान निर्मणस्थल तथा गजेन्द्र नारायण सिंह अस्पतालको मंगलबार निरीक्षण पश्चात आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका छन् । राज्यले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिए पनि दरबन्दी भने वर्षौंदेखि थप नगरिएका कारण स्वास्थ्य सेवा प्रभावित रहेको खुलासा गर्दै उनले छिट्टै दरबन्दी थप गरी विभिन्न अस्पतालमा रिक्त स्थानको पूर्ति गरिने जानकारी दिए । स्वास्थ्यकर्मीकालागि सेवा सुबिधा बढाउन तत्पर रहेको बताउँदै उनले उपचारकालागि आएका विरामीको सेवा गर्नमा पनि कमी नराख्न उनले आग्रह समेत गरेका छन् ।

चिकित्सकको काम मानवीय कार्य पनि भएका कारण सेवाभावका साथ काम गर्न उनको सुझाव थियो । सरकार चिकित्सकको सुरक्षा तथा सेवा थप गर्न तयार रहे पनि उपचारमा कमी भएमा कारवाही गर्न पनि पछि नपर्ने उनले चेतावनी दिए । मन्त्री पौडेलले कुनै पनि बहानामा उपचार सेवा रोक्न नमिल्ने जिकिर गरे । अस्पतालको फार्मेसीमा कुनै पनि औषधि छैन भन्न नपाईने बताउँदै उनले त्यसो भनिए गैरकानूनी ठहऱ्याई त्यस्तालाई दण्डित गरिने बताए । अस्पतालका सिटिस्क्यान, एमआरआई जस्ता सेवा बिग्रेको बहानामा थन्क्याएर राख्न नमिल्ने भन्दै उनले अस्पतालका डाक्टरले पनि विहान नौ देखि चार बजेसम्म विरामी भए पनि नभए पनि अस्पतालमै समय दिन जरुरी रहेको बताए । एमआरआई, सिटिस्क्यान बिग्रे पनि सरकारी अस्पतालकै दर रेटमा नीजि अस्पतालमा चेकजाँचको व्यवस्था मिलाइनु पर्ने उनको भनाइ छ ।रासस

**मिथिला बिहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तारापट्टी, धनुषा**
**मधेश प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :२०८१/०७/२१

उपरोत्त बिषयमा यस कार्यालयको तर्फबाट मिति२०८१/०२/२५ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित टेण्डर न. 02/01/2080-81/NCBW/WB/MBN Construction of Ward Office Building Wada no. 06, Mithila Bihari Municipality को सूचना अनुसार सम्बन्धि बोलपत्र तपसिल बमोजिमका कार्यको लागि दर्ता हुन आएको बोलपत्र (E–Bid) न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनार्थ जानकारी गराइन्छ सिाथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**:

| ठेक्का.न. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर बाहेकको र कम रु. | कैफियत |
|---|---|---|---|---|
| 02/01/2080-81/ NCBW/WB/MBN | Construction of Ward Office Building Wada no. 06 Mithila Bihari Municipality | श्री ए.डी. कन्स्ट्रक्सन, जनकपुर-०४, धनुषा | रु.५२,५९,५१२।९० | |

**प्रमुख प्रशासकिय अधिकृत**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




छठ पर्वकोलागि समाग्री खरिद गर्नका लागि जनकपुरधाम बजारमा धैरै दिनपछि ओर्लिएको उपभोक्ताहरुको भिड । तस्विर : संजय कुमार यादव

# महोत्तरीका किसान उखु पेलेर सख्खर बनाउन व्यस्त

महोत्तरी ।यहाँका किसान उखु पेलेर सख्खर बनाउने काममा व्यस्तछन् । जिल्लाका चिनी उद्योगमा उखु क्रसिङको अत्तोपत्तो नभएपछि किसानले धमाधम उखु पेल्न थालेका हुन् । चिनी उद्योगले कहिले क्रसिङ सुरु गर्ने भन्ने तालिका नै नबन्दा अहिले घरखर्च र चाडपर्वका लागि खर्चको जोहो गर्न उखु पेल्न थालिएको किसानको भनाइ छ । अहिले जिल्लाका उखु मुख्य बाली लगाइने गौशाला, भङ्गाहा र बर्दिबास नगरक्षेत्रका बस्तीबस्तीमा किसानका घरघरै उखु पेल्ने र रस पकाएर सख्खर बनाउने व्यस्तता देखिएको छ ।

"कात्तिक हामी किसानलाई खर्चवर्चको निकै अभाव हुने बेला हो, यसैबेला दीपावली र छठजस्ता महत्त्वपूर्ण पर्व पर्छन्", भङ्गाहा-४ का किसान रामउद्गार महतो भन्नुहुन्छ, "त्यसैले आफ्नै उखु पेलेर खर्चवर्चको जोहो गर्दैछौँ ।" कात्तिकलाई यहाँका किसान 'तेह्रौँ मास' (तेह्रौँ महिना) भन्ने गर्छन् । आम्दानीका क्षेत्र खासै नहुने र खर्च अन्य महिनाभन्दा बढ्ने हुँदा यसलाई प्रतिकात्मक रूपमा तेह्रौँ महिना भन्ने गरिएको किसान बताउँछन् ।

अहिले दीपावली अघिदेखि उखु पेल्न थालेका किसानले छठसम्मै यस कामलाई निरन्तरता दिने गरेका छन् । दीपावली र छठ दुवैमा सख्खरको माग निकै हुने र यसबेलाको नयाँ सख्खरले राम्रो बजार भाउ पाउने गरेको बर्दिबास-७ प्रेमनगरका रामदेव महतो बताउनुहुन्छ । दीपावली र छठपर्वमा उपभोक्ताले नयाँ सख्खर मन पराउँछन् ।

अहिले सख्खर बजारमा रु एक २० प्रतिकिलो बिक्ने गरेको छ । यो चिनीको भन्दा चलनचल्तीको बजार भाउमा रु ३० प्रतिकिलो बढी हो । तर दीपावलीका सेल र छठका ठकुवा चिनीभन्दा सख्खरमा राम्रो हुने हुँदा अलिकता महँगो भए पनि उपभोक्ताको रोजाइमा सख्खर पर्ने गरेको हो । यसबाहेक सामाजिक सञ्जालमा लगातार विभिन्न रोगबाट बच्न चिनीको प्रयोग कम गर्न र त्यसको सट्टा गुलियोका लागि सख्खर प्रयोग गर्न सन्देश प्रवाह भइरहनुले पनि सख्खरको बजार बढाउन सहयोग पुर्याएको बर्दिबास-१ का सामाजिक कार्यकर्ता भोजप्रसाद (शङ्कर) फुँयाल बताउनुहुन्छ ।

जिल्लामा अहिले सात हजार बिघामा उखुखेती छ । रासस

# छठ पर्व विधिपूर्वक सुरु, मुलुकभरि भव्य तयारी

जलेश्वर।मिथिलाञ्चलसहित मधेसमा मनाइने चारदिने छठ उत्सव मंगलबारदेखि धार्मिक विधिपूर्वक सुरु भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्व मंगलबारदेखि मधेशको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभरि धुमधामका साथ सुरु भएको हो ।

छठ पर्व महोत्तरीको १५ वटै पालिका सदरमुकाम जलेश्वर, मटिहानी, गौशाला, पिपरा, सम्सी, बर्दिवास, औरही, मनरासिस्वा, लोहारपट्टी, एकडारा, सोनमा, रामगोपालपुर, बलवा, महोत्तरी र भङ्गाहाका सम्पूर्ण सहरी एवं ग्रामीण क्षेत्रमा रहेको विभिन्न पोखरी, तलाउ तथा ती पालिका भएर बग्ने जिल्लाको प्रसिद्ध नदी बिग्ही, रातो मरहा, जङ्गहा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाइँदै आइएको जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लालकर्णले बताउनुभयो ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको जलेश्वर-५ का संस्कृतिविद् ध्रुव रायले बताउनुभयो । जलेश्वर नगरपालिका-१ स्थित

> जलेश्वर नगरपालिका-१ स्थित जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ ।

जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यसपर्वको पहिलो दिन आज व्रतीहरुले नहा खा अर्थात् नुहाएर खाने गर्दछ । मंगलबार व्रतालुले जीउ चोख्याउने काम गर्दछन् । त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाइनेछ । खर्नाका दिन व्रतीले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूल देवताको पूजा गर्नेछन् र राति अरवा अरबाईन (विनानुन हालेको) खानेकुरा खाने चलन छ ।

त्यस्तै षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्यसामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन् ।

षष्ठीका दिन व्रतीहरुले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ्य अर्पण गर्नेछन् ।त्यसको भोलिपल्ट अर्थात् शुक्रबार एकाबिहानै पुनःछठ घाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोर्‍याइ प्रातकालीन उदाउँदो सूर्यलाई अर्घ्य दिइ छठ पर्व सम्पन्न गर्नेछन् ।

महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डव मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुईयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ ।

धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रुपमा विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमहरुले पनि मनाउने गर्छन् । यस पर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुर्‍याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाहरु गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रशन्न हुने जनविश्वास रहेको पुजारी पाठकले बताउनुभयो ।



पहिलापहिला तराई मधेसको जिल्लामा मात्रै मनाइने छठ पर्व अहिले देशको सङ्घीय राजधानी काठमाडौँसहित देशको प्रमुख सहर पोखरा, नारायणघाट, धरान, इटहरीलगायत स्थानमा पनि धुमधामका साथ मनाउन थालिएको हो ।

### सुनसरीमा पनि छठको तयारी सकियो

लोक आस्था, विश्वास र श्रद्धाको पर्वका रूपमा रहेको छठको सम्पूर्ण तयारी पूरा भएको छ । तिहार सकिएसँगै छठ पर्व मनाउन जुटेका सदरमुकाम इनरुवासहित जिल्लाको विभिन्न ठाउँमा बसोबास गर्नेहरुले पर्वको तयारी सकेका हुन् ।इनरुवासहित कोसी, भोक्राहा, हरिनगर, देवानगञ्ज, धरान, इटहरी, बराहक्षेत्र, दुहबी, रामधुनी, गढी, बर्जु गाउँपालिकामा बसोबास गर्ने छठको तयारी पूरा भएको इनरुवाका मिथलेश झाले बताउनुभयो । छठ पर्वका लागि आवश्यक पर्ने सामग्री जुटाउनुका साथै घाट ओगट्नेलगायत काम पूरा भएको स्थानीय हरिनगरका चन्दन मेहताले जानकारी दिनुभयो ।

केहीदिनदेखि छठमा प्रयोग हुने बाँसको चङ्गेरा (दाउरी), सुप (नाङ्लो), डाला, सुपली, केरालगायत सामग्री खरिद गर्नेको बजारमा घुइँचो लागेको गौरी यादवले उल्लेख गर्नुभयो । जिल्लाको आसपासमा रहेका स्थानीय हाटबजारमा बाँसबाट बनेका सामान र छठ पर्वमा प्रयोग हुने अन्य सामान कतिपय व्यापारीले सवारीसाधनको प्रयोग गरेर गाउँघरमा पुर्‍याएका छन् ।

छठ पूजामा प्रयोग हुने सामग्रीसँगै खाद्यान्न, फलफूल र लत्ताकपडा किन्नेको पनि भीड बढेसँगै व्यापार पनि वृद्धि भएको व्यवसायीले बताएका छन् । छठ पर्वमा केरा, उखु, भान्टा, दूध, माटोको हात्ती, ढकनी, केराउ, नरिवल, मिठाइ, चना, ठेकुवा, कसार, कागती र अदुवालगायत सामग्री अत्यधिक खपत हुने भएकाले समयमा नै आवश्यक सामग्री जुटाइएको स्थानीय यादवले बताउनुभयो । एकघरी केराको मूल्य अहिले रु पाँच सयदेखि रु आठ सयसम्म पुगेको व्यापारीले बताएका छन् । छठ पर्वमा केराको सिङ्गै घरी प्रसादका रुपमा चढाउनुपर्ने भएकाले बजारमा केराको माग बढेको छ ।रासस

# छठ पर्व-समाज चिनाउने खुला सङ्ग्रहालय

जनकपुरधाम ।

*केरवा ज फरल घउरस वोपर सुगा मडराय ।*
*मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ॥*

अर्थात् छठ मातालाई चढाउने फलफूल जुठो हुनु हुँदैन । छठ मातालाई चढाउने केरा सुगाले नखाऊन् भनेर गीतबाटै सचेत गराउन खोजिएको हो । अहिले जनकपुरधामसहित सम्पूर्ण तराई मधेशको सहर बजारमा यस्ता लोकगीतको सुमधुर स्वर गुञ्जिएको सुनिन्छ । चार दिवसीय छठ पर्वको कात्तिक २० गतेदेखि विधिवत् शुभारम्भ हुँदैछ ।

छठको व्रतमा कुन देवी-देवताहरुको पूजा गरिन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । छठ पूजाको व्रतमा सूर्य देवताको पूजाआराधना गरिन्छ, जुन प्रत्यक्ष देखिन्छ र समस्त प्राणीहरुको जीवनको आधार पनि हो । सूर्यको साथै षष्ठी देवी अथवा छठ माताको पनि पूजा गरिन्छ । पौराणिक मान्यताअनुसार षष्ठी माताले सन्तानको रक्षा गर्नुको साथै उनीहरुलाई स्वास्थ्य र दीघार्यु बनाउँछिन् । यस अवसरमा सूयदेवका श्रीमतीहरु उषा र प्रत्युषालाई पनि अर्घ्य दिएर प्रसन्न बनाइन्छ । छठ व्रतमा सूर्यदेव र षष्ठी देवी दुवैको पूजासँगसँगै गरिन्छ ।

यस पर्वमा पूजा गरिने प्रमुख छ देवी-देवताहरुमा सूर्यको पूजा सबैभन्दा पहिला गर्ने विधान रहेको छ । पञ्चदेवमा गणेश, दुर्गा, शिव, विष्णुका साथमा सूर्य पनि पर्छन् । भगवान् सूर्यले सबैलाई उपकार गर्ने, अत्यन्त दयालु छन् । उनले आफ्ना भक्तहरुलाई आयु, आरोग्य, धन-धान्य, सन्तान, तेज, कान्ति, यश, वैभव र सौभाग्य प्रदान गर्छन् । उनले सबैलाई चेतना पनि प्रदान गर्छन् । सूर्यको पूजा गर्दा उनलाई जलको अर्घ्य दिइन्छ । पवित्र नदीहरुको जलले सूर्यलाई अर्घ्य दिने र नुहाउनुको विशेष महत्व रहेको छ । वास्तवमा यो पूजा कुनै पनि सफा स्थानमा गर्न सकिन्छ ।

सूर्यको उपासना गर्नाले मनुष्यलाई सम्पूर्ण रोगबाट छुटकारा प्राप्त हुन्छ । जसले सूर्यको उपासना गर्छ, ऊ दरिद्र, दुःखी, शोकग्रस्त र अन्धो हुँदैन । सूर्यलाई ब्रह्माको तेज पनि भनिन्छ । सूर्यले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्रदान गर्नाको साथै सम्पूर्ण संसारको रक्षा पनि गर्छन् । श्रीकृष्णका पुत्र साम्बलाई कुष्ठरोग लागेको थियो । त्यस समयमा उनले सूर्यको उपासना गरेर यो रोगबाट मुक्ति पाएका थिए । सूर्यको पूजा वैदिककालभन्दा पनि पहिलेबाट भएको थियो ।

शास्त्रमा भगवान् सूर्यलाई गुरु पनि भनिन्छ । पवनपुत्र हनुमानले सूर्यसँग नै शिक्षा प्राप्त गरेका थिए । श्रीरामले आदित्य हृदयस्तोत्रको पाठ गरेर सूर्य देवतालाई प्रसन्न गरेपछि मात्र रावणलाई अन्तिम बाण हानेका थिए र विजय भएका थिए । सूर्यले सबै प्राणीलाई समान रुपले कृपा गर्छन् । उनले कुनै किसिमको भेदभाव गर्दैनन् । यो पूजामा वर्ण अथवा जातिको आधारमा भेद छैन । यो पूजाप्रति समाजको हरेक वर्ग र जातिमा गहिरो श्रद्धा देखिन्छ। सबै मिलेर सँगसँगै यो पूजामा सहभागी हुन्छन् । हरेक जाति अथवा धर्मका मानिसले यो पूजा गर्न सक्छन् ।

कात्तिक शुक्ल चतुर्थीबाट छठको व्रतको थालनी हुन्छ । यो दिन व्रत गर्ने व्यक्ति र घरका सबै परिवारले दाल, चामल र लौकाले बनेको व्यञ्जन प्रसादका रुपमा ग्रहण गर्छन् । वास्तवमा यो तीन दिनसम्म छठ पूजाका लागि शारीरिक र मानसिक तयारी हो । कात्तिक महिनाबाहेक यो पूजा-व्रत चैत्र शुक्ल पक्ष चतुर्थीदेखि सप्तमीसम्म पनि गरिन्छ । त्यसलाई सामान्य बोलीचालीको भाषामा चैती छठ भनिन्छ ।

सूर्यसँग त सबै परिचित नै छन्, तर छठ कुन देवी हुन् भन्ने पनि धेरैको मनमा कौतुहलता हुन सक्छ । सृष्टिको अधिष्ठात्री प्रकृति देवीको एउटा प्रमुख अंशलाई देवसेना भनिन्छ । प्रकृतिको छैटौँ अंश भएका कारण यी देवीको नाम षष्ठी रहन गयो । षष्ठी देवीलाई ब्रह्माको मानसपुत्री पनि भनिन्छ । पुराणहरुमा यी देवीको एउटा नाम काल्यायनी पनि हो । यी देवीको पूजा नवरात्रिमा षष्ठी तिथिमा गरिन्छ । षष्ठी देवीलाई नै स्थानीय बोलीका आधारमा छठ माता भनिएको हो । यसले निःसन्तानहरुलाई सन्तान दिन्छिन् र सबै बालबालिकाको रक्षा पनि गर्छिन् ।



छठ माताको पूजाको सुरुआत कसरी भयो र यसको पुराण कथा कस्तो छभने प्रथम मनु स्वायम्भुवका पुत्र राजा प्रियव्रतका कुनै सन्तान थिएनन् । यसले उनी निकै दुःखी थिए । महर्षि कश्यपले राजालाई पुत्रेष्टि यज्ञ गर्ने सल्लाह दिए । राजाले यज्ञ गराए, यज्ञपछि महारानी मालिनीले एउटा पुत्रलाई जन्म दिइन् । तर दुर्भाग्य त्यो शिशु मृत जन्मेका थिए । राजाको दुःख देखेर एउटा दिव्य देवी प्रकट भइन् । उनले ती मृत बालकलाई जीवित गरिदिइन् । देवीको त्यस्तो कृपाले राजा धेरै खुसी भएर उनले षष्ठी देवीको स्तुति गरे । यही समयदेखि छठ माताको पूजाको सुरुआत भएको जनविश्वास छ ।

यो पूजामा केही मानिस जमिनमा बारम्बार सुतेर, कष्ट सहँदै नदीको किनारमा जान्छन् । सामान्य बोलीचालीको भाषामा यसलाई कष्टी देना भनिन्छ । प्रायः त्यस्तो त्यही समयमा हुन्छ, जब कसैले कुनै भाकल गरेको हुन्छ ।

### सत्य र अहिंसाको चाड

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईवासीको महान् चाड हो, छठ पर्व । तराईका सबै जातजातिले साझा रुपमा मनाउने यस पर्वको विशेषता हो । समाजशास्त्री नागेन्द्र दुबेले भन्नुहुन्छ, "सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । यस पर्वमा चाहिने भाँडाकुँडा वस्तुजातको बन्दोबस्त तराईमा एक महिना अगाडिदेखि नै गर्न थालिन्छ । छठ पूजाका लागि अहिले जनकपुरसहित सारा मिथिलाञ्चल बेहुली झैँ सिँगारिएको छ ।

श्रद्धालुहरूले जनकपुरको इतिहासमा वर्णित सरोवर गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रूकमिणी सरोवर, अरगजा, महाराजसागर र अग्नि कुण्डलगायत कुण्ड, पोखरी, तलाउमा छठ पर्व मनाउने गर्छन् । तिहारको रौनक नसक्दै यहाँ पवित्र छठ पर्वको तयारीको चटारो लाग्ने गर्दछ । चोक चौराहादेखि घरघरबाट छठ गीतको धूनले पूरै सहरमा छठको रौनक छाउन थालेको छ । आराध्यदेव सूर्यको उपासना गरिने छठ पर्व निकै उत्साह र भक्तिभावका साथ मनाइन्छ । घरदेखि टाढा रोजगारी वा उच्च शिक्षा अध्ययनका लागि गएका परिवारका सदस्यहरूसमेत घरआँगनमा छठको रौनक सम्झिएर घर फर्किंदैछन् ।

छठ पर्व प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने पर्व पनि हो । यो पर्वमा सूर्यलाई साक्षी राखेर खुला आकाशमुनि किसानले वर्षभरि मिहिनेत गरेर उब्जाएको अन्नबाली सूर्यदेवलाई अर्पण गर्दै उनीप्रतिको अगाध आस्था प्रकट गरिन्छ । पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा मनोकामना पूरा गर्न सूर्यको उपासना गरी यो पर्व मनाइन्छ । यो पूजामा जातीय आधारमा कहीँ-कुनै भेदभाव छैन । समाजमा सबैलाई समान दर्जा दिइएको छ । सूर्य देवतालाई बाँसबाट बनेको सूप र डालोमा राखेर प्रसाद अर्पित गरिन्छ । ती कुराहरु सामाजिक रुपले अत्यन्त पिछडिएका जातिहरुबाट निर्मित हुन्छन् । त्यसले सामाजिक सन्देश कस्तो दिएको छ भन्ने कुरा प्रस्ट हुन्छ ।

अहिले तराई मधेशमा हाटबजार, सडक र गल्लीहरू छठ पूजाका लागि आवश्यक पर्ने पूजा सामग्री, माटोबाट बनाइएको कलश, दियो, हात्ती, बाँसको चोयाबाट बुनिएको परम्परागत भाँडाकुँडा नाङ्लो, दाउरा, सुपली, छैँटी, ढकनीबाट सजिएका छन् । उखु, केराउ, अदुवा, केरा, मूलालगायत कृषि उपजका साथै सक्खर मिसाएर बनाइएको गुलियो खिर, गहुँको पीठोबाट बनाइएको परम्परागत बुट्टे ठेकुवा, चिनीको चास्नीबाट बनाइएको बतासाले भान्छा, भूमिसँग जोडिएको जनजीविका र जनस्वास्थ्यको त्रिकोणात्मक सम्बन्धलाई झल्काइरहेको हुन्छ ।

सडक छेउमा लगाइएका बजारले तराईको संस्कृति, कृषि र विविधताले भरिपूर्ण यहाँको समाजबारे अध्ययन गर्ने खुल्ला सङ्ग्रहालयकै काम गरिरहेको प्रतीत हुन्छ । छठ पर्वका लागि माटाको भाँडाकुँडा कुम्हालेले बनाउँछन् भने बाँसको चोयाका भाँडाकुँडा दलित समुदायको डोम जातिले बुन्छन् । डोम समुदायले बुनेको बाँसको नाङ्लो, डगरा, सुपलि, छैटी, बेना (हाते पत्ता) छठ पर्वका लागि नभई नहुने हस्तकला सामग्री हुन् ।

### पहाडी समुदायको आकर्षण पनि बढ्दो

केही वर्षअघिसम्म तराई मधेश क्षेत्रमा मात्रै मनाइने यो पर्वले विस्तारै राष्ट्रिय पर्वका रुपमा विस्तार हुँदैछ । छठ पर्वमा जात, धर्म, क्षेत्रीयतालाई ओझेलमा पार्ने गरी फरकफरक समुदायका अनुहारहरू जलाशयमा डुबुल्की लगाउँदै सूर्यदेवको उपासना गरिरहेको हुन्छ । मूलपुरमा मधेशी समुदायको मुख्य पर्वका रुपमा मानिँदै आएको यो पर्व मनाउनेको भीडमा सिउँदोदेखि नाकको टुप्पासमेत ढाकिने गरी सिन्दूर लगाएर साडीको आँचलले शिर छोपेर आराधनामा व्यस्त पहाडी समुदायका गृहणी उल्लेख्य रुपमा देख्न थालिएको छ । नदी, पोखरी, जलाशयमा व्रतालुहरुको ठूलो भीड लाग्ने हुँदा अशक्त, वृद्धाहरुले घरमा नै छठको पूजा गर्ने गर्दछन् । घरको आँगन र छतमा पनि छठको पूजा र व्रत बस्ने गर्छन् ।

रोजगारी र अध्ययनका लागि काठमाडौँमा रहेका मानिस दसैँतिहार मनाएर फर्किएपछि तराई मूलका व्यापारी, कर्मचारी, मजदुर, विद्यार्थी घरतर्फको यात्रा गर्ने हतारोमा हुन्छन् । समाजिक अभियन्ता बैजनाथ चौधरी भन्नुहन्छ, "सामाजिक विविधताले भरिएको समाजको चक्रलाई एउटा समुदायले अर्को समुदायलाई जिम्मेवारी हस्तान्तरण गर्दै आ-आफ्ना पर्वहरुम रमाएका हुन्छन् ।" तराईवासी मधेशी समुदायको मुख्य पर्वका रुपमा रहेको छठ अहिले पहाडी समुदाय मात्र नभई मुस्लिम धर्मावलम्बीहरुले समेत आस्था र भक्तिपूर्वक मनाउने गरेको देखिन्छ ।

यस पर्वको अर्को विशेषता भनेको सबै जातजाति, ठूलासाना, धनी, गरिब सबै एकै ठाउँमा जम्मा भएर पूजाअर्चना गर्नु पनि हो । वर्षौंसम्म भेटघाट नभएकाहरू बोलचाल नभएकाहरूसँग पनि भेटघाट तथा वार्तालाप हुने अवसर यस पर्वले दिएको हुन्छ । छठ पूजा जो कोहीले पनि गर्न सक्छ । यो पूजाका लागि महिला-पुरुष भन्ने हुँदैन । तर महिलाहरु सन्तानको कामना अथवा सन्तानको स्वास्थ र उनीहरुको दीघार्युका लागि समस्त विधि पूरा गर्दै पूर्ण श्रद्धाका साथ छठ पूजा गर्छन् ।


### यस्तो छ चार दिवसीय छठ पर्वको विधिः

**पहिलो दिन-'अरबा-अरबाइन'**: चार दिवसीय छठ पर्वको पहिलो दिन अर्थात् चतुर्थीका दिनलाई 'अरबा-अरबाइन' वा नहाए खाय भनिन्छ । यो दिनमा व्रतालुहरूले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् । व्रतालुले भोजनमा माछामासु, लसुन, प्याज र कोदो जस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । यो दिनलाई व्रतालुहरूले आँखा पनि भन्ने गर्छन् ।

**दोस्रो दिन- 'खरना'**: पञ्चमी तिथिलाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरू दिनभरि निर्जला व्रत बस्छन् । साँझपख नुहाएर चोखो हुन्छन् । आफ्नो कुलदेवता स्थापना गरेको पूजाकोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादका रुपमा विशेषगरी पाकेको केरा र खीरलाई लिने गरिन्छ । त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पीठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरिन्छ । व्रतालुले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ ।

**तेस्रो दिन-'सझिया घाट'** : षष्ठीका दिन गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान-पिसान गरी त्यसबाट निस्केको पीठोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्छ । पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ । षष्ठी व्रतमा मानिसहरु उदाउँदै गरेको सूर्यको पनि पूजा गर्छन् भने अस्ताउँदै गरेको सूर्यको पूजा पनि उत्तिकै श्रद्धाका साथ गरिन्छ ।

**चौथो दिन-'पार्वण'**: पर्वको चौथो दिनलाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान सबेरै व्रतालुहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोर्‍याई प्रातःकालीन सूर्यलाई अर्घ दिई पर्वको समापन गर्दछन् । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन्, सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि छ । प्रातःकालीन अर्घमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि प्राप्त हुन्छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# केरामा आत्म निर्भर होउ

नेपालमा केरा खेतीका लागि उपयूक्त प्रयाप्त भूमि रहेको छ । तर हरेक वर्ष करोडौंको केरा भारतबाट आयात गरिन्छ । दीपावली र छठ पर्वमा मात्र करोडौंको केरा भारतबाट आयात गरिएको छ । आयातित केराको मूल्य सस्तो पनि छैन । भारतीय बजारमा भन्दा नेपाली बजारमा केराको मूल्यमा धेरै अन्तर छ । एक दर्जन केरामा २५ रुपैयाँ बढी मूल्यको फरक हुने गरेको छ । केरामा धेरै मिहिनेत गर्नु पर्दैन । तर उत्पादन राम्रो हुने गर्छ । नेपालमा माग अनुसारको केरा उत्पादन गर्न सकिन्छ । त्यसका लागि पर्याप्त उपयुक्त भुमि पनि छ । नेपालको नदी नालाबाट उकासिएको जमिन, नदीको दुवै तिरको बगरमा केराको खेती गर्न सकिन्छ । हजारौं विघा बगर केरा खेतीका लागि उपयुक्त भूमि हो । त्यसमा केरा खेती गर्न सके सयौं परिवारले रोजगारी पाउने छन् । खेती गर्ने किसानले राम्रो आम्दानी पनि गर्नेछन् । केराको माग वर्षभर नै रहने गरेको छ । पर्वत्यौंहारमा मात्र नभई दैनिक रुपमा खानका लागि पनि केराको माग धेरै छ । केरा खेतीमा किसानहरुलाई आकर्षित गर्न सरकारले सहुलियत उपलब्ध गराउनु पर्छ । मधेश प्रदेशको कमला नदीको उकास र बगरसहितका जग्गा, बागमती नदीलगायत दर्जन बढी नदीको उकास र बगरमा केरा खेती गर्न सकिन्छ । नारायणी नदीको उकास र बगर पनि केरा खेतीका लागि उपयुक्त मानिन्छ । सरकारले किसानलाई विज्ञहरुसंगै मल र बिउ उपलब्ध गराएर केरा खेतीका लागि प्रोत्साहित गर्न सके धेरै मानिस विदेशिनु पर्ने छैन । हाल करोडौंको केरा आयात हुने नेपालमा खेती गर्न सके करोडौं रुपैयाँको केरा निर्यात गर्न सक्ने प्रचुर सम्भावना छ । सरकारले विदेशमा श्रम बजारको खोजी गर्न भन्दा स्वदेशमा नै खेती योग्य भूमिको खोजी गरी श्रम शक्तिलाई लगाउनु पर्छ । विदेशबाट आउने रेमिट्यान्सले नेपाली अर्थतन्त्रलाई ठूलो टेवा पुऱ्याए पनि त्यो स्थायी होइन । विगतमा कोरोना संक्रमणको बेला ठूलो संकट देखिएको थियो । कोरोनाको बेला देखिएको संकटबाट पाठ सिक्नै पर्छ । आफ्नो भूमिमा पसिना बगाएर उत्पादन बढाउन सके हरेक क्षेत्रमा आत्मनिर्भर बन्न सक्छन् । नेपालीसित सीप पनि छ । परिश्रम गर्ने क्षमता पनि छ । तर सरकारी उदासिनताको कारण प्रदेशमुखी बनेका छन् । प्रदेशमा कडा परिश्रम गरेर आर्जन गरेको धनले नेपालमा सुखी हुन सकिरहेका छैनन् । तैपनि विदेशिन बाध्य छन् । नेपालीलाई नेपालमै रोजगारी सृजना गर्न सरकार केन्द्रित हुनुपर्छ । सरकारले यस तर्फ ध्यान दिनैपर्छ ।

# "छठ" पौराणिक लोक पर्वको महिमा बढ्दै

चन्द्रकिशोर प्रसाद साह

नेपालको मधेश लगायत विभिन्न स्थानहरुमा हर्षोउल्लासका साथ मनाइने पर्वको रुपमा "छठ" परिचित हुँदैछ । यो परापूर्व कालदेखि नै मनाइदै आइएको पर्व हो । यसलाई अहिले भारत, नेपाल, बंगलादेश, पाकिस्तान, मरिशस, अमेरिका आदि देशहरुमा व्याप्त रुपमा फैलिदै गएको पाइन्छ । नेपालमा काठमाण्डौंको रानी पोखरी, कमल पोखरी जस्ता ठाउँमा परिचित हुनुका साथै पोखरा, नारायणघाट, टाँडी, हेटौडाजस्ता स्थानहरुमा व्याप्त फैलन थालेको देखिन्छ । यहा पहाडी जिल्लाको शहरी क्षेत्रमा छठ पुजा गर्नका लागि अस्थायी रुपमा ईंट, ढुंगाको "श्रीसोप्ता" बनाएर गरिने परम्परा देखिन्छ भने मधेशमा स्थायी रुपमै "श्रीसोप्ता" पोखरी वा नदि किनारमा बनाइएको हुन्छ जस स्थानलाई छठ पुजाको १ हप्ता अघिदेखि नै सरसफाई गरी दुलही जस्तै वरिपरि सिंगार गरी रंगीचंगी पारिन्छ । एक दिनको लागि भए पनि मधेशको सवै भन्दा ठूलो पर्वको रुपमा लिई लाखौंको खर्च गरिने होडवाजी चलेको पाइन्छ । टेन्ट हाउसवालाहरु अहिले घाट सजाउनका लागि अहोरात खटेका देखिन्छन् ।

हिन्दुका साथै केहि मुस्लिम समुदायका मानिसहरु पनि छठ ब्रत गर्दछन् । छठमा ठेकुवा (खजुरी) लाई वढी महत्व दिइएकोले यस पर्वलाई ठेकुवाको पर्व भनी चिनिन्छ । यसमा ३ दिनसम्म निराहार बसी जलसमेत नखाएर शुद्ध रुपमा छठी देवीको भक्तीभावले पुज्ने गरिन्छ । यस पर्वको प्रारम्भ सन्दर्भमा विभिन्न तर्क राखिएको पाइन्छ । कोही सृष्टिको प्रारम्भिक काल (सत्युग) देखि नै छठको शुरुवात भएको बताउन्छन् । सवैभन्दा पूरानो ऋग्दवेदको महत्वपूर्ण पुस्तक "उषाशुक्त" हो जसमा सूर्य (पति, श्रीमान्) को प्रार्थना गर्नुपर्ने औल्याइएको छ । सूर्यदेवको २ वटा पत्नी (उषा अर्थात् विहान र प्रत्युषा अर्थात् साँझ) हुन् । यसरी छठ गर्नुको अर्थ सूर्यदेवको दुबै श्रीमति उषा र प्रत्युषा (विहान, साँझ) लाई प्रार्थना गर्नु भन्ने हुन्छ । विहान घरको ढोका खोल्ने र साँझमा ढोका बन्द गर्ने कार्य पत्नीद्वारा गरिने परम्परा रहेकोले नारीको सम्मानपूर्वक आदरका साथ सूर्योदय र सूर्यास्तको पूजाआजा गरिनु नै "छठ पर्व" हो । यस्तै व्यावहारिक पक्षअनुसार अस्ताउंदो सूर्यको अर्थ वृद्ध र उदाउँदो सूर्यको अर्थ बालक भन्ने हुन्छ । यसरी पहिले वृद्धवृद्धालाई अनि पछि बालकलाई मानआदर गर्नुपर्ने मान्यताअनुरुप नै पहिले साँझतिर अस्ताएको सूर्यदेव अनि विहानीपख उदाएको सूर्यनारायणलाई छठमा अर्घ दिने गरिएको हो । यस्तै क्रमवद्ध रुपमा छैठौ देवीको रुपमा "कात्यानी" को उपासक सन्तनु रहेका थिए । एक दिन सन्तनुको छोराको मृत्यु हुँदा नदीको किनारमा धेरै विलाप विलौना गरिरहँदा कात्यानी देवी चाँहि प्रकट भई उक्त मृत छोरोलाई "जिउँदो छोरी" बनाइ दिएकी कारण उनको उपासनास्वरुप प्रत्येक वर्ष कार्त्तिक शुक्ल षष्टीका दिन पूजा गरिने परम्पराको आरम्भ भएको बताइन्छ ।

छठ पर्व मनाउँने प्रक्रिया सवभन्दा पहिले ब्रत बस्ने स्थान पोखरी वा नदिकिनारनिर "शिरसोप्ता माई" बनाइएको हुन्छ जहाँ सामूहिक रुपमा गोलो घेरा पारी बसेर छठको अत्तिरमणीय सुमधुर लयशैलीमा गीत गाइन्छ जुन गीत एक पिंढिबाट अर्को पिंढिमा सार्दै लगिएको पाइन्छ । तर आजभोली विभिन्न क्यासेटहरुमा आआफ्नै तरिकाले गाउने बजाउने परम्परा मिश्रित हुँदै गाएको देखिन्छ । छठ पुजाहेतु विभिन्न पकवान बनाउँदा विभिन्न सावधानी अपनाउने गरिएको पाइन्छ । यसमा अन्य पर्वको तुलनामा केही गलत नहोस् भनी बढी सावधानी अपनाउने गरिन्छ । यसमा धेरै चोखो, धैर्यता, शान्ती, मनोवलका साथ कार्य सुसम्पन्न गरिन्छ । छठको लागि परिकारहरु बनाउन गंहु अन्नलाई राम्ररी पानीले सफा गरी बडो ध्यानपूर्वक अन्य कुराको सम्पर्कबाट अलग्गै राखी सुकाएर मिलमा पिँध्ने गरिन्छ । अनि नयाँ माटोको चुल्हो बनाई त्यसमा ठेकुवा, पुरी, केसार आदि परिकारहरु पकाउने गरिन्छ । पकाउनका लागि अलिकति भएपनि आँपको दाउरा मिश्रित गरी पकाउने गरिन्छ । कृषि, प्राकृतिक कुराहरुलाई यसमा विशेष स्थान दिएको देखिन्छ ।

यो पर्वको शुरुवात नुहाउने खानेबाट हुन्छ । यसमा छठ ब्रत बस्ने छठ ब्रतालुहरुले पहिलो दिन शुक्ल चौठीको नुहाएर भोजन गर्ने गर्दछन् । यस दिन (यस वर्ष कार्त्तिक २० गते मंगलवार) को भोजनमा सकभर बास्मतिको चामल, रहर, बंगला, चनाको दाल, तोरीको साग, लौका, केलाको तरकारी आदि खाइन्छ । तर मुसुरोको दाल, परोड, घिउँडा खाइँदैन किनकि यसबाट तीर्खा बढी लाग्ने हुन्छ । त्यसपछि दोश्रो दिन "पञ्चमी" को दिनभरि भोको बसी साँझपख साठी नामक चामलको खीर, गेहुको रोटी (रसियाव रोटी), तुलसीको पात, फलफूल भोजनको रुपमा तयार पारिन्छ अनि खानुपूर्व धुप, अगरबत्ति, आगो बालेर तयार पारिएको सानो हवन कुण्डमा नेवज (ती भोजनबाट अलिकति बाहिर आगोमा राखिने प्रक्रिया) दिई पहिलो अर्घ अपर्ण गरी छठको आरम्भ गरिन्छ जस दिवसलाई "खरना" भनिन्छ । यस्तै खरनाको भोलीपल्ट षष्टीको दिन दिउँसो २ बजेपछि घाटमा जानेक्रम शुरु हुन्छ । यसरी त्यहा छठ पुजाको लागि बनाइएको "श्रीसोप्तामाई" वरिपरि सामूहिक रुपमा बसी गीत गाउने, बजाउने, नजिकबाट दण्ड धिंच्ने (एक हात बराबर बाँसको डण्डीलाई हातमा लिएर जमिनमा सुतेर अगाडी चिन्नो लाइने र पुनः त्यै चिन्होमा उभिएर फेरि अगाडितिर अर्को चिन्हो लाइने प्रक्रिया) कार्य गर्दै छठ घाटसम्म पुग्ने गर्दछन् । कतिपय मानिसले कपाल कटाउने, घाटमा ब्रतालुहरुको दौरा (छैटा) मा मिठाई, फलफूल बाँड्ने आदि गर्दछन् । यस्तै भाकल गर्नेले मात्र कोसी भराउने कार्य सम्पन्न गर्दछ । साँझ घाटमा कोसी भर्ने र पुनः साँझीपख घाटबाट कोसी ल्याएर घरको आँगन, कौशी, द्वारमा कोसी भरिन्छ । अनि विहानै ३ बजेतिर कोसीलाई घाटमा लग्ने गरिन्छ । यसका लागि ४ वटा ऊखुका जरोलाई तल राखेर सवैको माथितिर बाँधिने र तल माटाको घैटा, ढकना, ऊंखु, खजुरी, मिठाई, ईगुर, फलफुल इत्यादी राखेर घर वरिपरिका मानिसहरु जम्मा भई गीत गाउने, पुजा गर्ने गरिन्छ ।

छठी माता चाँहि खरनाको दिन आफ्नो माइती घरमा आउँछिन् र सप्तमीको दिन विहान फेरी आफ्नो ससुरामा विदा भएर जान्छिन् । सोही अनुरुप नै छठ गर्नेहरु पनि प्रंथम पटक माइतिबाट शुरु गर्ने गरिएको परम्परा रहेको पाइन्छ । तर आजभोली समय अभावका कारण माइतमा जान नसक्नेले अन्न, वस्तु माइतीबाट मँगाएर ससुरामा नै प्रारम्भ गर्ने गरेको देखिन्छ । हैन भने केहि अपसगुन, खराब असर पर्ने विश्वास गरिन्छ । यस्तै कतिपय मानिसहरुले आफ्ना छोरीहरुलाई पारणाको दिन नै ठेकुवा सामग्रीका साथ ससुरामा विदा गर्ने पनि परम्परा रहेको देखिन्छ । छठ पर्व वर्षमा २ पटक मनाउने गरिन्छ । पहिलो कार्त्तिकी छठ जुन कार्त्तिक महिनाको शुक्ल पक्षको षष्टीमा गरिन्छ जसबेला अलि जाडो मौसम भएकोले अत्यधिक मानिसहरुले छठ ब्रत गर्ने गरेका देखिन्छन् । जो ब्रतालु कार्त्तिक महिनाको छठ गर्दछन् ती सवैलाई चैत्रमा गर्नुपर्ने बाध्यता छैन । दोश्रो चैती छठ जुन चैत्र महिनाको शुक्ल पक्षको षष्टीमा गरिन्छ । तर गर्मीका कारण चैती छठमा कार्त्तिकीको तुलनामा १० प्रतिशत् मात्र भक्तजनको उपस्थिती रहेको देखिन्छ ।



पुजापाठ गरी अन्तमा आफ्नो उपलव्ध स्थानको नदी, पोखरी, ताल, समुद्र किनारमा गई सूर्यास्तलाई "दोश्रो अर्घ" दिइन्छ । अर्घमा खजुरी, केला, मुला, अदुवा, सुथनी, नारियल, निम्बु, फलफूल, मटर, चामल, सुपारी, लवांग, ईलाइची, छोहडा, किसमिस, काजु, बतासा, ऊंखु आदि ढकना वा सुपुली आदिमा राखी सूर्यलाई पानीमा रहेर साँझ आफै अर्घ दिइन्छ । त्यसैगरी साँझको घाट पछि भोलिपल्ट "पारणाको दिन" पुनः विहानै ३ बजेदेखि मानिसहरुले आआफ्ना दौरा घरबाट लिएर घाटमा जमघट भई पुजा पाठ गरिने प्रक्रिया हुन्छ अनि पंडितमार्फत् दूधमिश्रित पानीले सूर्यदेव (घाम) तिर फर्केर सूर्योदयलाईको उपस्थितीमा पुनः अर्घमा खजुरी, फलफूल जस्ता वस्तुहरु राखेर "तेश्रो अर्घ" दिई छठ ब्रतलाई विधिवत रुपमा समापन गरिन्छ । यसरी घाटबाट फर्किदा एक आपसमा छठी ब्रतालुहरुले सिन्दुर निधारमा टिका जस्तै लाउने, सारीको माथिल्लो भागतिर "खोंइचा" मा प्रसाद दिइने, जेठो मानिसलाई खुटामा ढोग्ने, गेटमा भिख माग्नेहरुलाई प्रसाद, पैसा दान गर्ने अनि गाउँको अर्को मन्दिरहरुमा प्रसाद चढाउँदै आआफ्ना घरमा जाने परम्परा रहेको पाइन्छ ।

घाटमा पानीमा आराधनाको प्रचलन सम्वन्धमा द्वापरयुगमा कुमारी रहेकी कुन्तिले सूर्यदेवको पूजा गरी वरदान पाएकी थिइन् । तर कुन्तिलाई वरदानमाथि विश्वास नभएर एक दिन सूर्यदेवलाई बिना जरुरी कै गुहारिन् जसबेला सूर्यदेव उपस्थित भए । अनि कुन्तिनिर बोलाउनुको कुनै प्रयोजन थिएन । तर कुन्ति चाँहि सुसंगठित शरीर एवं अत्तिसुन्दर तरुणी थिइन् जुन तिनको अवस्था हेरी सूर्यदेव अत्तिमोहित भई दुवैवीच सहसम्वन्ध स्थापित भई अविवाहित कुन्तिलाई गर्भ रहेपछि समाजको डरले जन्मपश्चात् छोरो कर्णलाई नदीमा बगाइन् र पछि कर्णले अन्जान मै आफ्ना पिता सूर्यदेवलाई नाभीसम्म पानीमा उभिएर अराधना गरी शक्ति प्राप्त गरेकाले त्यसैको नक्कलस्वरुप अहिले पनि शक्ति प्राप्तिहेतु भक्तजनहरुले छठ ब्रत गरी पानीमा रहेर सूर्यको अर्घ दिने गर्दछन् । कतिपय भाकल गर्नेहरुले आफ्नो घरदेखि वा घाटको

नेपालमा संघीय सरकारले साँझ घाटको दिन विदा (२२ गते विहिवार) दिएको छ भने मधेस प्रदेश सरकारले पारणाको दिन पनि विदा दिनुपर्ने हुन्छ । यस अवसरमा देश, विदेशमा बस्ने आफन्तजनहरु यै पर्वको साइत पारेर घर फर्किने गर्दछन् ।

छठ घाटहरुलाई दुलही झै सिँगारिको पाइन्छ जसको लागि ब्रतालु, समुदाय, नपा, गापाबाट चन्दा उठाउने गरिन्छ । आजभोली कतिपय स्थान जस्तैः पर्सामा बिरगंजको घडिअर्वा, बाराको कलैयाको बैरिया-बरेवा, धनुषाको जनकपुरमा रातीभरि दौरा नल्याएर घाट मै राखिने अनि भजनकीर्तन, साँस्कृतिक कार्यक्रम गरिन्छ । यस पर्वका बेला बजार भाउ तीब्र भएकाले अत्यधिक पैसा खर्चिन्छ किनकि यस पर्वमा घरका सवै सदस्यलाई कपडा, श्रृँङ्गार, पूजाका सरसमानहरु खरिद गर्नुपर्ने नै हुन्छ । अहिले गाउँहरुमा उपत्यका भन्दा बढि चहलपहल भई तराईमा भरिभराऊ भएको देखिन्छ ।

संस्कृतिलाई प्रवर्द्धन गर्नको लागि समुचित शिक्षाको आवश्यकता पर्दछ । यसबाट हाम्रो यहाँ हुने छठ पर्व जस्ता संस्कृतिको समयसापेक्ष परिमार्जन गर्दै समाजलाई गतिशीलता प्रदान गर्नमा सहयोग पुर्याउन सकिन्छ । छठमा सकारात्मक पक्षहरुमा जोड दिने र नकारात्मकतालाई निरुत्साहित गर्दै लैजानुपर्ने देखिन्छ । घरमा सुख, शान्ती र छोराछोरी, श्रीमान्, सबै परिवारको भलाईको लागि छठ पुजा गरिन्छ । यसमा धेरै मानिसहरुले नगद, कपडा, अन्नहरु दान गर्दछन् । कतिले भिख माँगेर पनि छठ गर्दछन् । हुनत कतिपय केटाकेटी, महिलाहरु छठको नाममा सडक, पसलहरुमा माँग्ने पेशा बनाएका देखिन्छन् । यसरी कतिपय नक्कली ब्रतालुहरुबाट छठको शिकायत पनि हुने गरेको देखिन्छ । नेपालमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ । यहाँ हिन्दुले आफ्ना पर्वमा इस्लाम, अन्य इष्टमित्रकहाँ कोशेलीहरु अदानप्रदान गरिने, मुसलमानले पनि हिन्दु कहाँ खानेखुवाउने कार्य प्रचलनमा रहेको छ । यसमा एक आपसमा सुखदुःख साटासाट हुने गर्दछ । राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्रीहरुले छठको शुभकामना दिने गरेको पाइन्छ । घरपरिवारमा कसैको मृत्यु हुँदा जुठो परेको भनी सवै छठको प्रकृया गरिन्छ तर अर्घ दिइँदैन । यस्तै छठीब्रताको गर्भमा बच्चा हुँदा घाटमा जाने अवस्था नभएमा अरुमार्फत् अर्घ पठाइने गरिन्छ । तर परिवारमा कसैको पनि शिशु जन्मिँदा पनि जुठो परेको भनी अर्घ दिइँदैन । यो पर्व एक चोटी शुरु गरिसकेपछि छोड्ने र पुनः बीचमा मन लाग्यो अनि शुरु गर्ने गरिदैन् । यदि शरीर असक्त भई उपवास बस्न सक्ने अवस्था नहुँदा आउने वर्ष छोड्न मन गर्यो भने यसै वर्ष नै अर्घ दिई प्रसादहरुको एक भाग पोखरी वा नदीमा र एक भाग पंडितलाई दिई छोड्ने (बसाउने) विधि अपनाइन्छ ।

यस पर्वमा सफासुग्घर भई कार्य अपनाइने अनि विहान शुद्ध हावा हुनुका साथै सूर्यको मन्द घाममा भिटामिन डी पाइने गरिएकोले यस पर्वलाई राम्रो मानिन्छ । यसका साथै कतिपय स्थान, घरमा महिलाहरुलाई बाहिर निस्कन नदिइने गरिएकोले कमसे कम ६/६ महिनामा सामूहिक भेंटघाट, मनोरंजन गर्न पाइने गरिएको प्रसँगबाट सकारात्मक देखिन्छ । यस पर्वमा कुमारी तथा विधुवालाई पनि छठ गर्न छुट दिइएको पाइन्छ । छठमा आईमाईहरुलाई स्वतन्त्रता पाइने, लत्तकपडा, मीठो स्वादिष्ट पकवान बनाइने, आत्मसन्तुष्टी मिल्ने, परिवारको चाहना पूरा, सपिवारको भेंटघाट, मानसिक रोगव्याधि हट्ने, धनसम्पत्ति, छोराछोरी प्राप्ति प्रति मानिसलाई आशावादी बनाउने, घर पोखरी नदिको सफासुग्घर, व्यक्तिगत/वातावरणीय सरसफाई आदि हुने गर्दछ । कतिपय स्थानको पानीमा सल्फर युक्त तत्व हुने भएकोले पानीमा केही घण्टा समय बिताउने गरिएकोले चर्म रोग ठीक हुने गर्दछ । ठेकुवा पकाउन आँपको दाउरा अनिवार्य गरिएकोले पुजाका लागि भए पनि मानिसहरुले रुखको संरक्षण गर्दा अक्सिजनको उपलव्धतामा सहयोग पुग्ने देखिन्छ । खीर खाँदा सँगै तुलसीको पात खाइने गरिएको जुन भिटामिन ए भएकोले त्यसले शरीरलाई फाइदा पुग्ने देखिन्छ । यस्तै छठ गर्न छोड्दा पानीमा एउटा अर्घ दिनुको अर्थ माछाहरुको पालनपोषण गर्नुलाई पनि संकेतको रुपमा लिन सकिन्छ ।

यस पर्वमा खरनादेखि पारणासम्म ३६ घण्टा अन्न, पानीसमेत नपिउने गरिएकोले ब्रतालुको शरीरमा इलेक्ट्रोलाइट्स असन्तुलन हुने, ग्याँस बढ्ने, मृगौला फेल हुने आदि सम्भावना प्रवल हुने देखिन्छ । त्यसैले छठ ब्रत बस्नेहरु छठ बित्ने बित्तिकै पेटको ग्याँस, आमाशयको घाउको औषधि खाने गरेको पाइन्छ । तर गीताअनुसार भगवान् कृष्णले भनेका थिए "शरीरलाई कष्ट दिएर ब्रत गर्नु हुन्न"। अतः छठमा पानी समेत नपिउनु भनेको ब्रतालुहरुको हठिपना देखिन्छ जुन कतै ग्रन्थहरुमा पानी नखानुपर्ने भनी उल्लेख गरिएको पाइँदैन । तर यै पानी नपिइने भएकोले यस ब्रतलाई कठिन ब्रत मानी बढी परिचित भएको पनि बताइन्छ । कतिपय ब्रतालुले पानीमा नै शरीरको छातीसम्म डुबाएर रहँदा जीउ भिज्ने अनि टाउको खुल्ला रहने गरेकाले शरीरको सन्तुलन एकैनाशको नभएर एलर्जी भई रुघाखोकी हुने सम्भावना रहन्छ । यस्तै छठ उपरान्त घाटहरुमा व्यवस्थित तरिका नअपनाइने भएकोले चारैतिर फोहोर हुने गर्दछ जसलाई समुचित व्यवस्थापन गरिनुपर्दछ । छठ पर्वलाई समयसापेक्ष परिवर्तन गर्दै लैजानुपर्दछ ।

# आत्महत्या न्यूनीकरणको मार्ग



नेत्र सुवेदी 'प्रयास'

जीवनउपर आफैंले रोक लगाउनु वा आफूले आफैंलाई मार्नु नै आत्महत्या हो । आत्महत्या गर्नु भनेको मानव विकास, पुस्ताको निरन्तरता र सामान्य जीवन प्रक्रियाको पनि विपरीत कार्य हो । पश्चिम अष्ट्रेलिया, स्विजरल्यान्ड र अमेरिकाका केही राज्यमा स्वेच्छिक मृत्युको सुविधा भए तापनि हाम्रो देशमा आत्महत्यालाई गैरकानुनी कार्य मानिएको छ । आत्महत्याका लागि प्रयोग भएका नदीमा हेलिने, पुलबाट हाम्फाल्ने, झुन्डिएर मर्ने, विष सेवन गरेर प्राण त्याग गर्ने जस्ता हर्कतहरुले समाजलाई असीमित पीडा दिएको हुन्छ । जब आफन्तजन वा चिनेका व्यक्ति नै आत्महत्या गर्दछन् तब यी घटनाहरु हुन नदिन के गर्न सकिन्छ भन्ने बहस पनि चल्ने गर्दछ ।

समाजशास्त्रका अगुवा व्यक्तित्व फ्रेन्च विद्वान इमाइल दुर्खिमले आफ्नो खोजमूलक पुस्तक सुसाइडः ए स्टडी इन सोसियोलजी (१८९७) मा आत्महत्याको खास कारण मनोवैज्ञानिकभन्दा पनि सामाजिक हुने र व्यक्ति रहेको समाजसँगको अन्तरक्रियामा निर्भर गर्ने बताएका छन् । उक्त पुस्तकमा उनले अहङ्कारी, परोपकारी, असामाजिक र भाग्यवादी गरेर चार किसिमका आत्महत्याको सम्बन्धमा चर्चा गरिएको छ । उनले १९औं शताब्दीको अन्त्यतिर गरेको विश्लेषणमा सामाजिक एकता कमजोर रहेको भनेका थिए । अहिलेको नेपाली समाजलाई नियाल्दा पारिवारिक विखण्डन र सामाजिक विचलन दुवै बढेको छ भने आत्महत्याको दर पनि बढेर गएको छ ।

विश्वभर वार्षिक करिब आठ लाख मानिस आत्महत्या गर्दछन् । संयुक्त राज्य अमेरिकामा वार्षिक ४५ हजार र नेपालमा वार्षिक सात हजार व्यक्तिले जीवनलाई विश्राम दिनका लागि आत्महत्यालाई रोज्ने गरेको पाइएको छ । अभिलेखमा नआएका कतिपय मामिलाले यो आँकडालाई अझ बढाउने देखिन्छ । जीवनको कुनै न कुनै समयविन्दुमा आत्महत्याको सोच आउनेहरु त करोडौंको सत्ख्यामा होलान् । यसरी हेर्दा आत्महत्या एक साझा सामाजिक समस्याका रुपमा रहेको छ । अमेरिकामा माध्यमिक विद्यालयका विद्यार्थीहरुबीच भएको एक अध्ययनको निष्कर्षअनुसार छजना विद्यार्थीमा एकजनाले आत्महत्याको सोच राख्दछ भने ११ जनामा एकजनाले भने साँच्चै नै आत्महत्या गर्ने गरेको देखाइएको छ ।

### आत्महत्याको कारण

आत्महत्याका घटनाहरुको सामाजिक पक्षलाई सर्सर्ति केलाउँदा सानोतिनो असफलतापश्चात् आमाबाबुसँग सामना गर्न नसक्नु, प्रेम सम्बन्ध टुट्नु, उमेर नपुग्दै विवाह गर्नु, प्रेम विवाह गरे पनि बिस्तारै सम्बन्धमा दरार आउनु, अभिभावकबीचको सम्बन्धमा विग्रह आई पारिवारिक वातावरणमा तिक्तता बढ्नु, नवविवाहित जोडीमध्ये कुनै वा दुवै विदेशमा गई भेटघाट लामो समयसम्म नहुनु र सम्बन्ध बिग्रनु, मादकपदार्थ सेवन गरी हिंसाजन्य क्रियाकलाप गर्दा जीवनउपर भरोसा हराउनु, आफ्नै सन्तानबाट हेलामा पर्नुजस्ता कारण देखा पर्दछन् । सामाजिक सञ्जालको स्वच्छन्द प्रयोग पनि सम्बन्धहरु बिगार्ने र अपेक्षा बढाउने कारण भएको छ । तथापि यी कुनै पनि कारण हुँदा मृत्यु नै रोज्नुपर्ने हुँदैन । जुनसुकै अवस्थामा पनि यो अमूल्य जीवन जिउनु नै उत्तम हो । बढ्दो अपेक्षाबीच अधैर्यता बढेको र स्वयम्लाई सन्तुलनमा राख्ने ऊर्जा हराउनेजस्ता कारण भने मुख्य रुपमा जिम्मेवार देखिन्छन् ।

### दुर्लभ छ जीवन

हाम्रो जीवन भनेको महासागर जस्तै हो । सागर भनेपछि यसमा फरकफरक अवस्था पटकपटक आइरहन्छन् । तथापि, सागर हुनुको पहिचान कायम हुन्छ । कहिले शक्तिशाली आँधी आउँछ टोर्नेडो चल्दछ, कहिले सामान्य तरङ्गहरु तरङ्गित भइरहेका हुन्छन् भने कहिले सागर पनि शान्त रहन्छ । हुन त जीवनमा देखापर्ने जुनसुकै समस्याको समाधान हुन्छ । जीवनबाटै बाहिर जान खोज्नु कदापि समाधान होइन । यो त भागेजस्तो हो । आत्महत्या एक दुःखद घटना त हुँदै हो तर यो यसबाहेक अपराध पनि हो । मनन गर्नुपर्ने विषय के छभने मानवीय जीवन प्राप्ति नै आफैंमा एउटा दुर्लभ घटना हो । सिद्धार्थ गौतमले सानो उमेरमै बिमारी, बुढो र मृत्यु भएको मानिस देख्दा पीडा भएको र कारण सोधेको प्रसङ्ग छ । उनले मानव जीवनका सम्बन्धमा भनेका छन् कि मानव जीवन भनेको पीडाहरुले भरिएको छ । पीडा र दुःखहरुको कारण हुन्छ र समाधानको उपाय पनि हुन्छ । समाधानतर्फ नलागेर मरेर अर्को जन्म लिन्छु भनेर आत्महत्या गरिहाल्यो भने पनि अर्को जन्म पनि पीडारहित त हुँदैन भन्ने मनन गर्नुपर्दछ । दुःख चिन्ताको सोचाइ नै नआउने त को होला र ? त्यस्तो सोचाइ आउँदा आफूमा देखिएका संवेगहरु लुकाउनु ठीक होइन । ती संवेगलाई आफूले अनुभूत गर्ने र लुकाउनुको सट्टा आफ्नो मिल्ने र विश्वासको साथी वा आफन्त वा परिवारजनलाई सुनाउनु उपयुक्त हो । उक्त व्यक्तिले भन्ला कि मलाई पनि यस्तो भएको थियो आत्तिनु पर्दैन । घुम्न जाउ वा योगध्यान गर वा अध्ययन गर वा यो फिल्म हेर वा खेल हेर्न जाउ वा यस्तै । आत्महत्याको सोचबाट टाढा बस्ने अर्को उपाय भनेको स्वयम्लाई प्रेम गर्नु पनि हो । आफूलाई बलियो बनाउनका लागि अन्तरआत्माले के मागेको छ के कुरामा रुचि छ, जायज माग पूरा गर्ने र राम्रा उपलब्धि भएका बखत आफूलाई पुरस्कृत गर्ने अर्थात् स्वयम्लाई बधाई ज्ञापन गर्ने पनि गर्नु पर्दछ । म भगवान्को असल आत्मा हुँ र मैले मलाई नै प्रेम गर्छु जस्ता भाव जागृत गर्नु पनि असल जीवनका लागि उपयोगी हुन्छ ।

सद्गुरुले भन्नुभए झैं हामी हाम्रो शरीरको असली सिर्जनाकार होइनौं । आफूले सिर्जना नगरेको हुँदा अन्त्य गर्ने अधिकार हामीलाई छैन । हामीले त दीर्घकालसम्म प्राप्त गर्नेगरी जीवनको लक्ष्य निर्धारण गर्न सक्नुपर्दछ । एकपटक विचार गरौं न आत्महत्या गर्नेले आफूलाई सम्हाल्न नसकेर प्राण त्याग्दछ तर के थाहा ऊ संयमित भएर बाँचेको भए जीवनमा नयाँ मोड पनि आउन सक्थ्यो । समयसँगै राम्रा कुराले पर्खेको हुन सक्छ धैर्यता राख्न सक्नुपर्दछ । जीवन रह्यो मात्रै भने पनि खुसीपूर्वक जिउने र प्रगति गर्दै जाने परिवेश देखापर्न सक्छ ।

मानव मस्तिष्कमा 'सेरोटोनिन' नामक तत्वको कमी भयो भने तनाव बढी हुन्छ भनिन्छ । यस्तो तत्व जागृत गर्नका लागि योगध्यान साधना सहयोगी हुने देखिन्छ । यस्तो खालको ध्यानको उपादेयता थाहा भयो भने व्यक्तिले नियमित रुपमा ध्यान गर्ने सम्भावना हुन्छ । ध्यानका बखत दिमाग सजग र शरीरलाई सहज भयो भने मात्र यसको प्रभाव राम्रो पर्दछ । योगका बेला पनि मन भागिहाल्यो भने त्यसलाई समातेर पुनः योगमा लगाउनुपर्ने हुन्छ । भावनाहरु मनमा आउँदा त्यसलाई हेर्ने तर प्रतिक्रिया नजनाउने गर्नुपर्दछ । फलस्वरुप तनावमा कमी आउने, आपसी सम्बन्धहरुमा सुधार हुने र जीवन जिउन सरल हुन्छ । क्षमा माग्ने र क्षमा दिने कलाको विकासले पनि मानिसको मनको भारी हलुका हुन जान्छ । रिस, घमण्ड, इष्यारुपी संवेगको भारी बोकेर हिँड्दा त्यस्तो व्यक्तिले गर्ने व्यवहार पनि खराब हुन्छ र पछि पछुताउनुपर्ने हुन्छ ।

### मनको स्वस्थता आवश्यक

चेतनशील प्राणी भएको हुँदा मानवमा संवेग उत्पन्न हुनु स्वाभाविक नै हो । मानिस मेसिन वा रोबोट हैन । चिन्तनशील प्राणी भएको हुँदा थरीथरिका संवेगहरु आइरहन्छन् तर कुन संवेगलाई कतिबेला प्रयोग गर्ने र कसरी गर्ने भनी छनोट गर्ने भने सम्बन्धित व्यक्तिले नै हो । मनमा उठ्ने विचारले व्यक्तिमा भावनाहरु तरङ्गित हुन्छन् । भावनाको किसिमअनुसार शरीरमा पनि छटपटी वा ऐंठन जस्ता असर देखा पर्दछन् भने व्यवहारमा पनि नकारात्मक असर देखापर्दछ । तर एउटा विषय के पेचिलो छभने एउटै घटनामा परेका दुई फरक व्यक्तिलाई फरक खालका भावना आउन सक्छ ।

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

## तपसिल

### क.सं. १. ऋणीको विवरण

**नाम : सुहानी निमार्ण सेवा प्रा.लि.**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : १५५६०५/०७३/०७४, दर्ता मिति : २०७३/०५/२६
ठेगाना : जनकपुर - १४, धनुषा
**संचालक/शेयरधनीहरु : दीपेन्द्र कुमार यादव, राज किशोर राय यादव**

**नाम : दीपेन्द्र कुमार यादव**
बाबुको नाम : श्री प्रसाद यादव, बाजेको नाम : छेवी लाल यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : ३९६९४५३१, जि.प्र.का. धनुषा, जारी मिति : २०६२/०४/२१

**नाम : रमीता कुमारी यादव**
पतिको नाम : दीपेन्द्र कुमार यादव, ससुराको नाम : श्री प्रसाद यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : १७-०१-७५-०५९००, जि.प्र.का. धनुषा, जारी मिति : २०७५/०४/१५
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दीपेन्द्र कुमार यादव**
बाबुको नाम : श्री प्रसाद यादव
बाजेको नाम : छेवी लाल यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : ३९६९४५३१
जि.प्र.का. धनुषा
जारी मिति : २०६२/०४/२१

**२. नाम : श्री प्रसाद यादव**
बाबुको नाम : छेवी लाल यादव
बाजेको नाम : हरेराम यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : ८९६३०६१८
जि.प्र.का. धनुषा
जारी मिति : २०५७/१२/०५

**३. नाम : प्रतिमा देवी**
पतिको नाम : श्री प्रसाद यादव
ससुराको नाम : छेवी लाल यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : ८२७
जि.प्र.का. धनुषा
जारी मिति : २०४६/०२/२७

**४. नाम : रमीता कुमारी यादव**
पतिको नाम : दीपेन्द्र कुमार यादव
ससुराको नाम : श्री प्रसाद यादव
ठेगाना : जनकपुर - १४, धनुषा
ना.प्र.प.नं. : १७-०१-७५-०५९००
जि.प्र.का. धनुषा
जारी मिति : २०७५/०४/१५

**५. नाम : राज किशोर राय यादव**
बाबुको नाम : राम पुनित राय यादव
बाजेको नाम : ज्ञानचन राय यादव
ठेगाना : सम्सी - ९, महोत्तरी
ना.प्र.प.नं. : ८१९३२२९६
जि.प्र.का. महोत्तरी
जारी मिति : २०४३/११/०८

**६. नाम : राम कासी देवी**
पतिको नाम : राज किशोर राय यादव
ससुराको नाम : राम पुनित राय यादव
ठेगाना : सम्सी - ९, महोत्तरी
ना.प्र.प.नं. : ८१९३२५५६
जि.प्र.का. महोत्तरी
जारी मिति : २०४१/०१/२४

**धितोको विवरण**

१. श्री प्रसाद यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कि.नं. २३३, २१७, २१९, ५१२ र ६४ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-२-०, ०-०-५-०, ०-०-१५-१ र ०-०-१२-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. श्रीमती प्रतिमा देवीको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कि.नं. ३३३, को क्षेत्रफल ०-०-११-२ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. रमीता कुमारी यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको गोविन्दपुर - ६ क, धनुषा, हाल धनुषाधाम - २, धनुषा स्थित कि.नं. १९ को क्षेत्रफल ०-१३-१-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. राज किशोर राय यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको सम्सी - ७ ख, धनुषा स्थित कि.नं. २३२ को क्षेत्रफल ०-३-३-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
५. श्री प्रसाद यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको शान्तीपुर - ९, धनुषा स्थित कित्ता नं. ८०७ को क्षेत्रफल ०-२-०-० (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
६. लुम्विनी विकास बैंक धनी भइ सुहानी निमार्ण सेवा प्रा.लि. ऋणीको नाममा यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सवारी नं. प्रदेश २-०२-००१ क-०३६१ रहेको JCB Backhoe Loader।

### क.सं. २.

**ऋणीको विवरण**

**नाम : सिता कोईराला**
पतिको नाम : मधुसुदन कोईराला
ससुराको नाम : हरिन्द राज कोईराला
ठेगाना : जब्दी - ८, सर्लाही
हाल : हरिवन - ११, सर्लाही
ना.प्र.प.नं. : १९३०९४/९५६
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१२/३०
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : मधुसुदन कोईराला**
बाबुको नाम : हरिन्द राज कोईराला
बाजेको नाम : देवी भक्त कोईराला
ठेगाना : जब्दी - ८, सर्लाही
हाल : हरिवन - ११, सर्लाही
ना.प्र.प.नं. : ३८७५२८९६
जि.प्र.का. सर्लाही
जारी मिति : २०५०/११/१८

**धितोको विवरण**

सिता कोईरालाको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको हरिवन - १ ख, सर्लाही स्थित कित्ता नं. २३२२ र ७९९ को क्षेत्रफल क्रमशः ०-०-२-१ र ०-०-६-४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ३. ऋणीको विवरण

**नाम : ओम हाडवेयर**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कार्यालय
दर्ता नं. : १०८७४/१५८४, दर्ता मिति : २०७७/११/२०
ठेगाना : चन्द्रपुर - १०, रौतहट, हाल : वृन्दावन - ७, रौतहट
**संचालक तथा शेयरधनी : उर्मिला कुमारी देवी**

**नाम : उर्मिला कुमारी देवी**
पतिको नाम : विगु साह कानु, ससुराको नाम : कमल साह कानु
ठेगाना : स. धमौरा - १, रौतहट, हाल : बृन्दावन - ७, रौतहट
ना.प्र.प.नं. : ३२३०८४/२४, जि.प्र.का. रौतहट, जारी मिति : २०६४/१/३
**शाखा कार्यालय : .चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दिपेन्द्र कुमार साह**
बाबुको नाम : विगु साह कानु
बाजेको नाम : कमल साह कानु
ठेगाना : सखुआवा धमौरा - १, रौतहट
हाल : बृन्दावन - ७, रौतहट
ना.प्र.प.नं : ३२-०२-७५-००२६३
जि.प्र.का. रौतहट
जारी मिति : २०७५/०१/२३

**२. नाम : जितेन्द्र कुमार साह**
बाबुको नाम : विगु साह कानु
बाजेको नाम : कमल साह कानु
ठेगाना : सखुआवा धमौरा - १, रौतहट
हाल : बृन्दावन - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७७-०१४१९
जि.प्र.का. रौतहट
जारी मिति : २०७७/०७/०२

**३. नाम : विगु साह कानु**
बाबुको नाम : कमल साह कानु, बाजेको नाम : राम अवतार साह कानु
ठेगाना : सखुआवा धमौरा - १, रौतहट, हाल : बृन्दावन - ७, रौतहट
ना.प्र.प.नं. : २९७४, जि.प्र.का. रौतहट, जारी मिति : २०४३/१०/२४

**धितोको विवरण**

उर्मिला कुमारी देवीको नाममा मालपोत कार्यालय चन्द्रपुरमा दर्ता श्रेष्ता कायम रहेको स. धमौरा - १/१ ख, रौतहट स्थित कित्ता नं. ६८४, ६८७, ३९२ र ३०५ को क्षेत्रफल क्रमशः ०-०-३.५, ०-०-१२.७५, ०-०-६ र ०-०-१०-५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ४.

**ऋणीको विवरण**

**नाम : गौरी शंकर महतो कोइरी**
बाबुको नाम : महेश्वर महतो
बाजेको नाम : भजन महतो
ठेगाना : बबरगंज - ४, सर्लाही
हाल : चन्द्रनगर - ४, सर्लाही
ना.प्र.प.नं. : १९०३५१३९३८
जि.प्र.का. सर्लाही
जारी मिति : २०५७/११/२८
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : रिना देबी**
पतिको नाम : गौरी शंकर महतो कोइरी
ससुराको नामः महेश्वर महतो
ठेगाना : बबरगंज - ४, सर्लाही
हाल : चन्द्रनगर - ४, सर्लाही
ना.प्र.प.नं. : १९०३५१४०५०
जि.प्र.का. सर्लाही
जारी मिति : २०५९/०२/१३

**धितोको विवरण**

रिना देबीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको बबरगंज - ४ क, सर्लाही स्थित कित्ता नं. २७४ को क्षेत्रफल ०-०-१०को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ५. ऋणीको विवरण

**नाम : जय पोल्ट्री फर्म**
दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा सर्लाही
दर्ता नं. : ९६६/०७७/०७८, दर्ता मिति : २०७७/१०/१८
कार्यालय ठेगाना : ईश्वरपुर - ११, सर्लाही
**संचालक तथा शेयरधनी : जय प्रकाश ठाकुर, शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : जय प्रकाश ठाकुर**
बाबुको नाम : प्रमेश्वर ठाकुर
बाजेको नाम : प्रयाग ठाकुर
ठेगाना : ववरगंज - ८., सर्लाही
हाल : चन्द्रनगर - २, सर्लाही
ना.प्र.प.नं. : १९१०५४ /४०२
जि.प्र.का. सर्लाही
जारी मिति : २०६९/०३/०३

**२. नाम : राम राजी देवी ठाकुर**
पतिको नाम : प्रमेश्वर ठाकुर
ससुराको नाम : प्रयाग ठाकुर
ठेगाना : ववरगंज - ५., सर्लाही
हाल : चन्द्रनगर - २, सर्लाही
ना.प्र.प.नं. : १९३०५३/९२६
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१२/३०

**३. नाम : ईन्द्रभुषण ठाकुर बठही**
बाबुको नाम : प्रमेश्वर ठाकुर
बाजेको नाम : प्रयाग ठाकुर
ठेगाना : ववरगंज - ८., सर्लाही
हाल : चन्द्रनगर - २, सर्लाही
ना.प्र.प.नं. : १९१०५३/८९
जि.प्र.का. सर्लाही
जारी मिति : २०६५/०९/२८

**४. नाम : प्रमेश्वर ठाकुर**
बाबुको नाम : प्रयाग ठाकुर
बाजेको नाम : विलट ठाकुर
ठेगाना : ववरगंज - ८., सर्लाही
हाल : चन्द्रनगर - २, सर्लाही
ना.प्र.प.नं. : १९३०५३/२५१
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१२/२९

**धितोको विवरण**

प्रमेश्वर ठाकुरको नाममा मालपोत कार्यालय मंलगवा सर्लाहीमा दर्ता रहेको ववरगंज - ८ क, सर्लाही स्थित कित्ता नं. १०९८ को क्षेत्रफल ०-०-१६, ववरगंज - ८ ख, सर्लाही स्थित कित्ता नं. ३१४, ८६९ र ९०७ को क्षेत्रफल क्रमशः ०-१-१०, ०-२-१० र ०-१-१८.७५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ६. ऋणीको विवरण

**नाम : रिया किराना पसल**
दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही
दर्ता नं. : ५३७९/०७४/०७५, दर्ता मिति : २०७४/०८/०७
कार्यालय ठेगाना : चन्द्रनगर - ३, सर्लाही
**संचालक तथा शेयरधनी : शुभद्रा कुमारी, शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : शुभद्रा कुमारी**
पतिको नाम : नरेश चौधरी
ससुराको नाम : राम प्रकाश चौधरी
ठेगाना : गाहा - ७., महोत्तरी
हाल : चन्द्रनगर - ३, सर्लाही
ना.प्र.प.नं. : १८३०६१/६९४
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/१०/०९

**२. नाम : नरेश चौधरी**
बाबुको नाम : राम प्रकाश चौधरी
बाजेको नाम : सत्य देब चौधरी
ठेगाना : ववरगंज - ३, सर्लाही
हाल : चन्द्रनगर - ३, सर्लाही
ना.प्र.प.नं. : १९-०३५१४०८४
जि.प्र.का. सर्लाही
जारी मिति : २०५९/०७/२६

**धितोको विवरण**

नरेश चौधरीको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको ववरगंज - ३ ख, सर्लाही स्थित कित्ता नं. ६२३ को क्षेत्रफल ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ७.

**ऋणीको विवरण**

**नाम : बिनु शाही**
पतिको नाम : देबेन्द्र बहादुर शाह
ससुराको नाम : पदम बहादुर शाह
ठेगाना : लालमटीया - ३, दाङ्ग
हाल : काठमाडौं - ९, काठमाडौं
ना.प्र.प.नं. : ५२२००७/२२८
जि.प्र.का. दाङ्ग
जारी मिति : २८६५/०२/२०
**शाखा कार्यालय : डिल्लीबजार**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : देबेन्द्र बहादुर शाह**
बाबुको नाम : पदम बहादुर शाह
बाजेको नाम : पृथ्बी बहादुर शाह
ठेगाना : रामरोशन - ५, अछाम
हाल : काठमाडौं - ९, काठमाडौं
ना.प्र.प.नं. : ७५९९
जि.प्र.का. अछाम
जारी मिति : २०५२/०१/११

**धितोको विवरण**

बिनु शाहीको नाममा हितग्राही परिचय नं. १३०१०८००००३३७४२९ अन्तर्गत रहेका निम्नलिखित बिभिन्न कम्पनीका साधरण शेयरहरु

| | |
|---|---|
| हिमालयन बैंक लिमिटेड | १२३ |
| सानिमा बैंक लिमिटेड | ८४५ |
| माछापुच्छ्रे बैंक लिमिटेड | ४४ |
| जिबन बिकाश लघुबित्त वित्तीय संस्था लिमिटेड | २१ |
| नबिल बैंक लिमिटेड | ११० |
| नेपाल बैंक लिमिटेड | ८४२ |
| सिद्धार्थ बैंक लिमिटेड | २४९ |
| स्वालम्बन बिकाश बैंक लिमिटेड | ४३ |
| अपर तामाकोशी हाईड्रो पावर लिमिटेड | ५३ |
| नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ५४ |
| साग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ३३ |
| निर्धन उत्थान बैंक लिमिटेड | ४२ |
| **जम्मा कित्ता** | **२४५७** |

### क.सं. ८. ऋणीको विवरण

**नाम : तिलक मान विश्वकर्मा**
बाबुको नाम : नैन बहादुर कामी, बाजेको नाम : कर विर कामी
ठेगाना : लालबन्दी - ५, सर्लाही, हाल : लालबन्दी - ६, सर्लाही
ना.प्र.प.नं. : १९३०९५/२०४, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/१०/०७
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : चिनी माया विश्वकर्मा**
पतिको नाम : तिलक मान विश्वकर्मा
ससुराको नाम : नैन बहादुर कामी
ठेगाना : लालबन्दी - ५, सर्लाही
हाल : लालबन्दी - ६, सर्लाही
ना.प्र.प.नं. : १९३०९५/७२२
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१०/१२

**२. नाम : सुष्मा विश्वकर्मा**
बाबुको नाम : तिलक मान विश्वकर्मा
बाजेको नाम : नैन बहादुर कामी
ठेगाना : लालबन्दी - ५, सर्लाही
हाल : लालबन्दी - ६, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७५-०१७७८
जि.प्र.का. सर्लाही
जारी मिति : २०७५/०४/०६

**धितोको विवरण**

तिलक मान विश्वकर्माको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको जब्दि - ८ क, सर्लाही स्थित कित्ता नं. ५७८ को क्षेत्रफल ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ९. ऋणीको विवरण

**नाम : प्रतिभा शु सेन्टर**
दर्ता गर्ने निकाय : नेपाल सरकार उधोग मन्त्रालय घरेलु तथा साना उधोग कार्यालय, धनुषा, जनकपुर
दर्ता नं. : ७६०७/७७५/०७१/७२, दर्ता मिति : २०७१/१२/०४
रजिष्टर्ड कार्यालय : जनकपुर, धनुषा
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : उपेन्द्र साह, शाखा कार्यालय : लोहारपट्टी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : उपेन्द्र साह**
बाबुको नाम : जोगिन्द्र प्रसाद सुडी भन्ने योगेन्द्र साह
बाजेको नाम : किसुनी साह
ठेगाना : कुर्था - ३, धनुषा
हाल : जनकपुर - २१, धनुषा
ना.प्र.प.नं. : ५१६५३०२७, जि.प्र.का. धनुषा
जारी मिति : २०५१/०५/१३

**२. नाम : विमल देवी**
पतिको नाम : उपेन्द्र साह
ससुराको नामः जोगिन्द्र प्रसाद सुडी भन्ने योगेन्द्र साह
ठेगाना : कुर्था - ३, धनुषा
हाल : जनकपुर - २१, धनुषा
ना.प्र.प.नं. : १७३०८३/८१६
जि.प्र.का. धनुषा
जारी मिति : २०६३/१०/१०

**धितोको विवरण**

उपेन्द्र साहको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको कुर्था - ९, धनुषा स्थित कित्ता नं. १०१८ को क्षेत्रफल ०-०-५-९ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १०. ऋणीको विवरण

**नाम : एक जगत आयल स्टोर्स**
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिजय विभाग कार्यालय
दर्ता नं. : १०६१३/०७७/७८, दर्ता मिति : २०७७/११/१७
ठेगाना : निजगढ - ७ बारा
**संचालक तथा शेयरधनी : सुबोध तिमल्सिना**
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : सुबोध तिमल्सिना**
बाबुको नाम : केशव प्रसाद तीमलसेना
बाजेको : नन्द लाल तिमलसेना
ठेगाना : नैकाप न.भ. - ६, काठमाडौं
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : २७/१०४३/५९८९५/१२०७४
जि.प्र.का. रौतहट
जारी मिति : २०६७/०४/०५

**२. नाम : दिब्या पाण्डे**
पतिको नाम : सुबोध तिमल्सिना
ससुराको नाम : केशव प्रसाद तीमलसेना
ठेगाना : सिद्धार्थनगर - ७, रुपन्देही
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : ३७/१०२३/४५६५४
जि.प्र.का. रौतहट
जारी मिति : २०६८/०४/२६

**३. नाम : केशव प्रसाद तिमलसिना**
बाबुको नाम : नन्द लाल तिमलसेना
बाजेको नाम : चन्द्रलाल तिमल्सिना
ठेगाना : डुमरिया म. - २, रौतहट
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : २४७
जि.प्र.का. रौतहट
जारी मिति : २०४१/०४/०७

**४. नाम : सुनिल तिमलसिना**
बाबुको नाम : भक्त प्रसाद तिमलसीना
बाजेको नाम : नन्दलाल तिमल्सिना
ठेगाना : डुमरिया म. - २, रौतहट
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : १४०१
जि.प्र.का. रौतहट
जारी मिति : २०६०/१/१९

**५. नाम : तुलसी कुमारी सापकोटा**
पतिको नाम : केशव प्रसाद तिमलसिना
ससुराको नाम : नन्द लाल तिमलसेना
ठेगाना : डुमरिया म. - २, रौतहट
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : ५२१
जि.प्र.का. रौतहट
जारी मिति : २०४३/०५/२४

**६. नाम : इन्दिरा तिमलसिना**
पतिको नाम : सुनिल तिमलसिना
ससुराको नाम : भक्त प्रसाद तिमलसीना
ठेगाना : डुमरिया म. - २, रौतहट
हाल : चन्द्रपुर - ९, रौतहट
ना.प्र.प.नं. : ३२२०८२/१४३२
जि.प्र.का. रौतहट
जारी मिति : २०६५/११/२७

**धितोको विवरण**

इन्दिरा खरेल तिमल्सिना र तुलसी कुमारी सापकोटाको संयुक्त नाममा मालपोत कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको निजगढ -६, रौतहट स्थित कि.नं. १९०३ को क्षेत्रफल ०-५-३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. ११. ऋणीको विवरण

**नाम : उषा देवी ठाकुर**
पतिको नाम : राम नरेश ठाकुर, ससुराको नाम : झमन ठाकुर सोनार
ठेगाना : बनिनिया - ८, धनुषा, हाल : लक्ष्मिनीया -५, धनुषा
ना.प्र.प.नं. : १७३०९४/३०४, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/०४
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : विबेक ठाकुर**
बाबुको नाम : राम नरेश ठाकुर
बाजेको नाम : झमन ठाकुर सोनार
ठेगाना : लक्ष्मिनीया - ५, धनुषा
ना.प्र.प.नं. : १७-०१-७५-०७९५४
जि.प्र.का. धनुषा
जारी मिति : २०७५/०६/०९

**२. नाम : खुशबु कुमारी ठाकुर**
बाबुको नाम : राम नरेश ठाकुर
बाजेको नाम : झमन ठाकुर सोनार
ठेगाना : लक्ष्मिनीया - ५, धनुषा
ना.प्र.प.नं. : १७-०१-७८-०१२०९
जि.प्र.का. धनुषा
जारी मिति : २०७८/०३/३०

**३. नाम : राम नरेश ठाकुर**
बाबुको नाम : झमन ठाकुर सोनार, बाजेको नाम : सिहेंश्वर ठाकुर सोनार
ठेगाना : बनिनिया - ८, धनुषा, हाल : लक्षमिनीया - ५, धनुषा
ना.प्र.प.नं. : ०७७४२०५९, जि.प्र.का. धनुषा, जारी मिति : २०४७/१०/०२

**धितोको विवरण**

राम नरेश ठाकुरको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको बनिनिया - ८, धनुषा हाल लक्षमिनीया - ५, धनुषा स्थित कित्ता नं. १६४ को क्षेत्रफल ०-६-१०-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १२. ऋणीको विवरण

**नाम : विनिता कुमारी साह**
पतिको नाम : अजय कुमार प्रसाद, सासुराको नाम : नवल किशोर साहु तेली
ठेगाना : स. जनकपुर - १६, धनुषा
ना.प्र.प.नं. : ३९६९६७१६, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/२५
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : चन्दा देवी तेली**
बाबुको नाम : राम एकवाल साह
बाजेको नाम : पाली साह
ठेगाना : स. सतोषर - ४, धनुषा
ना.प्र.प.नं. : ८३९३१००७
जि.प्र.का. धनुषा
जारी मिति : २०३३/०१/०२

**२. नाम : रेखा साह**
पतिको नाम : संजय कुमार प्रसाद
सासुराको नाम : नवल किशोर साहु तेली
ठेगाना : स. सतोषर - ४, धनुषा
ना.प्र.प.नं. : २९३६
जि.प्र.का. धनुषा
जारी मिति : २०५७/०३/१५

**३. नाम : अजय कुमार प्रसाद**
बाबुको नाम : नवल किशोर साहु तेली
बाजेको नाम : भुलोटन प्रसाद साह
ठेगाना : स. सतोषर - ४, धनुषा
ना.प्र.प.नं. : ७२१/८३९३२८७५
जि.प्र.का. धनुषा
जारी मिति : २०४४/१२/०१

**४. नाम : संजय कुमार प्रसाद**
बाबुको नाम : नवल किशोर साहु तेली
बाजेको नाम : भुलोटन प्रसाद साह
ठेगाना : स. सतोषर - ४, धनुषा
ना.प्र.प.नं. : ८३९३२८४०
जि.प्र.का. धनुषा
जारी मिति : २०४४/११/३०

**५. नाम : शशी साह**
बाबुको नाम : नवल किशोर साहु तेली
बाजेको नाम : भुलोटन प्रसाद साह
ठेगाना : स. सतोषर - ४, धनुषा
ना.प्र.प.नं. : ८३९३४७३१
जि.प्र.का. धनुषा
जारी मिति : २०५५/०२/३१

**६. नाम : प्रियंका गुप्ता**
बाबुको नाम : सुखदेव प्रसाद तेली
बाजेको नाम : जगदीश प्रसाद
ठेगाना : काठमाडौं - १८, काठमाडौं
ना.प्र.प.नं. : ३७२१६
जि.प्र.का. धनुषा
जारी मिति : २०६३/०४/१८

**धितोको विवरण**

चन्दा देवी तेलीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको स. सतोषर - ८, धनुषा स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-०-१३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १३. ऋणीको विवरण

**नाम : नजरेआलम किराना पसल**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, जलेश्वर
दर्ता नं. : ६०९९/५२९/०७६/०७७, दर्ता मिति : २०७६/१०/०६
**संचालक/शेयरधनी/प्रोप्राइटर : महोमदिन सेख, शाखा कार्यालय : लोहारपट्टी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : महोमदिन सेख**
बाबुको नाम : रफिजुल सेख
बाजेको नाम : नसुरुदिन सेख
ठेगाना : धमौरा - १, महोत्तरी
हाल : बलबा विहारी - ११, महोत्तरी
ना.प्र.प.नं. : २५७१३४९५
जि.प्र.का. महोत्तरी
जारी मिति : २०४६/०२/१९

**२. नाम : नुर महमद शेष**
बाबुको नाम : महोमदिन सेख
बाजेको नाम : रफिजुल सेख
ठेगाना : धमौरा - १, महोत्तरी
हाल : बलबा विहारी - ११, महोत्तरी
ना.प्र.प.नं. : १८१०४२/१९९
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६६/०१/१०

**३. नाम : नुर आलम शेष**
बाबुको नाम : महोमदिन सेख
बाजेको नाम : रफिजुल सेख
ठेगाना : धमौरा - १, महोत्तरी
हाल : बलबा विहारी - ११, महोत्तरी
ना.प्र.प.नं. : १८१०४२/३८६
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६७/०४/१८

**४. नाम : रुबैदा खातुन**
पतिको नाम : महोमदिन सेख
ससुराको नाम : रफिजुल सेख
ठेगाना : धमौरा - १, महोत्तरी
हाल : बलबा विहारी - ११, महोत्तरी
ना.प्र.प.नं. : १४३७/०५८/५९
जि.प्र.का. महोत्तरी
जारी मिति : २०५९/०३/२१

**धितोको विवरण**

महोमदिन सेखको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको धमौरा - ८/ग, महोत्तरी स्थित कित्ता नं. २४५ को क्षेत्रफल ०-०-५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १४. ऋणीको विवरण

**नाम : न्यू मोडर्न फर्निचर उद्योग**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाम
दर्ता नं. : ८५९१/३१६/०७२/७३, दर्ता मिति : २०७३/०३/०९
रजिष्टर्ड कार्यालय : तारापटी सिर्सिया - ८, धनुषा
**प्रोप्राईटर : मो.जहुर नदाफ**

**नाम : मो.जहुर नदाफ**
बाबुको नाम : मो.हविव मिया, बाजेको नाम : रहिमान मिया
ठेगाना : तारापट्टी सिर्सिया - ८, धनुषा, हाल : मिथिला बिहारी - ७, धनुषा
ना.प्र.प.नं. : ९२९४२१६९, जि.प्र.का. धनुषा, जारी मिति : २०५७/०९/२०
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : मो. जहुर नदाफ**
बाबुको नाम : मो.हविव मिया
बाजेको नाम : रहिमान मिया
ठेगाना : तारापट्टी सिर्सिया - ८, धनुषा
हाल : मिथिला बिहारी - ७, धनुषा
ना.प्र.प.नं. : ९२९४२१६९
जि.प्र.का. धनुषा
जारी मिति : २०५७/०९/२०

**२. नाम : नासरीना वेगम**
पतिको नाम : मो.जहुर नदाफ
ससुराको नाम : मो.हविव मिया
ठेगाना : तारापट्टी सिर्सिया - ८, धनुषा
हाल : मिथिला बिहारी - ७, धनुषा
ना.प्र.प.नं. : १७३०५२/४
जि.प्र.का. धनुषा
जारी मिति : २०७०/०२/२७

**धितोको विवरण**

मो.जहुर नदाफको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको तारापट्टी सिर्सिया - ८, धनुषा हाल मिथिला बिहारी - ७, धनुषा स्थित कित्ता नं. ८०६ र ११९५ को क्षेत्रफल क्रमशः ०-०-२-८ र ०-०-१३-१४.५ (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १५. ऋणीको विवरण

**नाम : पि. आर इन्टरप्राइजेज**
दर्ता गर्ने निकाय : वाणिज्य तथा आपूर्ति मन्त्रालय
दर्ता नं. : १०७४९५/०६९/७०, दर्ता मिति : २०६९/०६/२६
ठेगाना : काठमाडौं
**संचालक/शेयरधनी/प्रोप्राइटर : पुष्कर राज श्रेष्ठ**
**शाखा कार्यालय : कुमारीपाटी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : पुष्कर राज श्रेष्ठ**
बाबुको नाम : शिव राज श्रेष्ठ
बाजेको नाम : हिरा श्रेष्ठ
ठेगाना : काठमाडौं - २०, काठमाडौं
ना.प्र.प.नं. : १८१७/१०२०
जि.प्र.का. काठमाडौं
जारी मिति : २०३८/०५/१७

**२. नाम : सशिन श्रेष्ठ**
बाबुको नाम : पुष्कर राज श्रेष्ठ
बाजेको नाम : शिव राज श्रेष्ठ
ठेगाना : काठमाडौं - २०, काठमाडौं
ना.प्र.प.नं. : २७१०६०/१२०४०७
जि.प्र.का. काठमाडौं
जारी मिति : २०७०/०६/०३

**३. नाम : श्रेया श्रेष्ठ**
बाबुको नाम : पुष्कर राज श्रेष्ठ
बाजेको नाम : शिव राज श्रेष्ठ
ठेगाना : भिमसेनस्थान - २०, काठमाडौं
हाल : काठमाडौं - २०, काठमाडौं
ना.प्र.प.नं. : १०६०/७८९८६
जि.प्र.का. काठमाडौं
जारी मिति : २०६८/०२/२२

**४. नाम : बिनु श्रेष्ठ**
बाजेको नाम : मोहन राज श्रेष्ठ
पतिको नाम : पुष्कर राज श्रेष्ठ
ठेगाना : ललितपुर - १६, ललितपुर
हाल : काठमाडौं - २०, काठमाडौं
ना.प्र.प.नं. : २९९६/०४०/४१
जि.प्र.का. ललितपुर
जारी मिति : २०४१/०१/०७

**धितोको विवरण**

बिनु श्रेष्ठको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको धापाखेल - १, ललितपुर स्थित कित्ता नं. ६७४, ६७५, १४१७ को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-४-३-०, ०-१-१-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १६. ऋणीको विवरण

**नाम : विशेश्वर प्रसाद साह**
बाबुको नाम : बुधु साह तेली, बाजेको नाम : रामजी साह
ठेगाना : रामपुर जमुवा - ९, सप्तरी, हाल : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : ४११४, जि.प्र.का. सप्तरी, जारी मिति : २०५७/०४/०९
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रितेश कुमार साह**
बाबुको नाम : विशेश्वर प्रसाद साह
बाजेको नाम : बुधु साह तेली
ठेगाना : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७९-०७२०७
जि.प्र.का. सप्तरी
जारी मिति : २०७९/०६/०५

**२. नाम : अशोक कुमार साह**
बाबुको नाम : विशेश्वर प्रसाद साह
बाजेको नाम : बुधु साह तेली
ठेगाना : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७९-०७२१४
जि.प्र.का. सप्तरी
जारी मिति : २०७९/०६/०५

**३. नाम : अंजली देवी साह**
पतिको नाम : विशेश्वर प्रसाद साह, ससुराको नाम : बुधु साह तेली
ठेगाना : रामपुर जमुवा - ९, सप्तरी हाल : शम्भुनाथ - १०, सप्तरी
ना.प्र.प.नं. : ४४४३/१३३९३, जि.प्र.का. सप्तरी, जारी मिति : २०६१/०६/०४

**धितोको विवरण**

१. विशेश्वर प्रसाद साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ९, सप्तरी स्थित कित्ता नं. ५९१ र ५९५ को क्षेत्रफल क्रमशः ०-१-५.५-० र ०-१-१३.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. अंजली देवी साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता रहेको रामपुर जमुवा - ३, सप्तरी स्थित कित्ता नं. १७३ को क्षेत्रफल क्रमशः ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १७.

**ऋणीको विवरण**

**नाम : हरी नारायण राय**
बाबुको नाम : सोनेलाल राय यादब
बाजेको नाम : फुलमाझी राय यादब
ठेगाना : भवानीपुर - १, सर्लाही
हाल : बसबरीया - १, सर्लाही
ना.प्र.प.नं. : ६०७३२७२२
जि.प्र.का. सर्लाही
जारी मिति : २०५६/०३/०१
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : सुनैना देबी**
पतिको नाम : हरी नारायण राय
ससुराको नाम : सोनेलाल राय यादब
ठेगाना : बसबरीया - १, सर्लाही
ना.प्र.प.नं. : १९३०७४/३७५
जि.प्र.का. सर्लाही
जारी मिति : २०६४/०१/०१

**धितोको विवरण**

हरी नारायण रायको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता रहेको भवानीपुर - १, सर्लाही स्थित कित्ता नं. २१४६, २१४४ र २१४० को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-२-०-० र ०-०-१७-८ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १८.

**ऋणीको विवरण**

**नाम : बिनोद कुमार साह**
बाबुको नाम : रामनाथ साह तेली
बाजेको नाम : गुलट साह
ठेगाना : कविलासा - ६, सप्तरी
हाल : लहान - १,सिरहा
ना.प्र.प.नं. : ५८३६/४७५३
जि.प्र.का. सप्तरी
जारी मिति : २०५५/०१/२९
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : अनिता कुमारी साह**
पतिको नाम : बिनोद कुमार साह
ससुराको नाम : रामनाथ साह तेली
ठेगाना : रामपुर जमुवा - १, सप्तरी
हाल : लहान - १, सिरहा
ना.प्र.प.नं. : १६१०८४/१९७
जि.प्र.का. सप्तरी
जारी मिति : २०६७/०४/२३

**धितोको विवरण**

बिनोद कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिग्राहीमटिअर्वा - ३, सिरहा स्थित कित्ता नं. ८११५० को क्षेत्रफल २१८.८० (वर्ग मिटर) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. १९.

**ऋणीको विवरण**

**नाम : भरत जैसवाल**
बाबुको नाम : पशुपति प्रसाद जैसवाल
बाजेको नाम : नरासिंह प्रसाद
ठेगाना : जनकपुर - १, धनुषा
ना.प्र.प.नं. : ३९६९२८५४
जि.प्र.का. धनुषा
जारी मिति : २०४८/१०/२२
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : विका कुमारी चौधरी**
पतिको नाम : भरत जैसवाल
ससुराको नाम : पशुपति प्रसाद जैसवाल
ठेगाना : जनकपुर - १, धनुषा
विवाह दर्ता नं. : १००१९४
जारी मिति : २०७७/११/१०
जनकपुर उ.म.न.पा.

**धितोको विवरण**

भरत जैसवालको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर - १, धनुषा स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-०-७-२३/४ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

बाँकी पृष्ठ ६ मा

# कडा प्रतिस्पर्धाबीच अमेरिकी राष्ट्रपतिको निर्वाचन

वासिङ्टन डिसी । विश्वभर निकै प्रतिक्षा गरिएको अमेरिकाको राष्ट्रपतीय निर्वाचनको मतदात आज हुन गइरहेको छ । अमेरिकी जनताले मतदान गर्न अब केही घण्टा मात्र बाँकी रहेको छ ।

सो निर्वाचनका लागि डेमोक्र्याटिक पार्टीका तर्फबाट वर्तमान उपराष्ट्रपति कमला ह्यारिस र रिपब्लिकन पार्टीबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प मैदानमा हुनुहुन्छ ।निर्वाचनको मिति आउन एक दिन बाँकी रहँदा ह्यारिस र ट्रम्प दुवैको संयन्त्र ब्याटल ग्राउण्ड स्टेट (मतदान गर्न अनिर्णित मतदाता भएको राज्य) को नामकरण गरिएका स्थानमा केन्द्रित रहेको थियो ।

मतदाताहरुको प्रत्यक्ष मतदान र 'इलोक्ट्रोल कलेज'को सम्मिश्रणका आधारमा निर्वाचित गरिने अमेरिकाको राष्ट्रपतीय निर्वाचन यो पटक निकै प्रतिस्पर्धात्मक हुने अनुमान गरिएको छ ।नागरिकले मतदानमार्फत प्रत्यक्ष कार्यकारी अधिकारसहितको विश्वको शक्तिशाली राष्ट्र अमेरिकाको राष्ट्रपतिको निर्वाचनमार्फत हुने सत्ताको परिवर्तनले विश्वलाई प्रत्यक्ष, अप्रत्यक्ष रुपमा प्रभाव पार्ने कतिपयको धारणा छ । आफ्नो पक्षका उमेदवारलाई विजयी गराउन दुवै पार्टीले आफ्ना सबै प्रकारका संयन्त्र परिचालन गरेका छन् ।

यो पटकको निर्वाचनमा पनि विगतका निर्वाचन जस्तै आप्रवासन, बन्दुकको अधिकार, महिलाको अधिकार, आर्थिक विषय र विश्वभर देखा परिरहेको अशान्त वातावरणलाई केन्द्रमा राखेर डेमोक्र्याट र रिपब्लिकन पार्टीले आफ्नो एजेण्डा तय गरेका छन् । कोभिड महामारीपश्चात् अर्थतन्त्र केही चलायमान बन्ने प्रयत्न गरेको भए पनि मूल्यवृद्धिले यहाँको हरेक तहलाई असर परेको छ । खाद्यवस्तु, इन्धनका साथै सबै खालका वस्तु तथा सेवामा परेको असरले मध्यमस्तरको आय हुनेहरुका लागि कठिन आर्थिक अवस्था सिर्जना गरेकाले यो निर्वाचनलाई महत्वका साथ हेरिएको छ ।

तुलनात्मक रुपमा आप्रवासीहरुप्रति नरम नीति अङ्गीकार गर्ने डेमोक्र्याट पार्टीले अमेरिकाको इतिहासमा पहिलो पटक महिलालाई सर्वोच्च कार्यकारी अधिकार प्रदान गर्नेगरी कमला ह्यारिसलाई मैदानमा उतारेको छ । उता अनेकन मुद्दा खेपिरहेका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प दोस्रो कार्यकालमा सत्ता आरोहणका लागि कडा मेहनत गरिरहनुभएको छ ।



### स्वीङ्ग राज्यहरू निर्णायक

अमेरिकामा रहेका कूल ५० राज्यमध्ये मुख्य सात एरिजोना, जर्जिया, मिचिगन, नाभडा, नर्थ क्यारालिना, पेन्सलभेनिया र विसकन्सिनलाई स्विङ्ग (मतदाताले अन्तिम समयमा निर्णय गर्ने) राज्यका रुपमा परिभाषित गरिएको छ । यसमध्ये सबैभन्दा बढी ध्यान पेन्सल भेनियामा रहेको छ । यी राज्यहरुको विगतको निर्वाचनको नतिजा हेर्दा सन् २०१६ मा डोनाल्ड ट्रम्पले पाँच वटा स्वीङ्ग राज्यमा जीत हासिल गरेर निर्वाचित हुनुभएको थियो । उता सन् २०२० मा जो वाइडेनले छ वटा राज्यमा जीत हासिल गरेर राष्ट्रपति बन्न सफल हुनुभएको थियो ।

पेन्सलभेनिया कति महत्वपूर्ण छ भन्ने विषय उक्त राज्यमा रिपब्लिकन र डेमोक्र्याट पार्टीले सबै प्रकारका चुनावी अभियानमा सबै प्रकारका सञ्चारमध्यमहरुमा खर्च गरेका एक अर्ब २० करोड डलरको विज्ञापनले पनि पुष्टि गर्छ । सन् २०२४ को चुनावमा अमेरिकाभर कूल १० अर्व ५३ करोड विज्ञापनमा खर्च गरिएकामा त्यसमध्ये ११ प्रतिशत एउटै राज्यमा खर्च गरिएकोबाट पनि पुष्टि हुन्छ ।

कूल ९१ लाख मतदाता रहेको पेन्सलभेनियामा अर्लि भोटिङमार्फत १६ लाख २० हजारले मतदान गरिसकेका छन् । उक्त राज्यमा निर्वाचनको दिन अर्थात् मंगलबार बिहान ७ बजेदेखि मतदान सुरु भएको थियो ।

### नेपालीहरूको मत निर्णायक हुन सक्छ ?

ब्याटल ग्राउण्ड अर्थात् मुख्य प्रतिस्पर्धा हुने राज्यका रुपमा रहेको पेन्सलभेनियाको निर्वाचन निर्णायक हुने भनेर सारोकार भएका संयन्त्रको ध्यान केन्द्रित हुनुका साथै निर्वाचन समितिको परिचालन भइरहेको छ । सो राज्यमा करिब २५ हजार नेपाली भाषीको मतदानको अधिकार रहेकाले उनीहरु निर्णायक हुनसक्ने बताइएको छ ।

नेपाली मतदाताहरुलाई निर्वाचनसम्बन्धी जनचेतनाका लागि पेन्सलभेनियाको हयारिसवर्गमा आइपुग्नुभएका अमेरिकी राजनीतिज्ञ डा ह्यारी भण्डारीले यो स्थान निर्वाचन निर्यायक बनाउन सक्ने भएकाले निकै महत्वपूर्ण रहेको बताउनुभयो । शनिबार मात्रै उहाँको अगुवाइमा मेरिल्याण्डबाट ५१ जना स्वयंसेवक परिचालन गरी भोट माग्न जुट्नुभएका भण्डारी हरेक मतको मूल्य हुने बताउनुभयो ।

भण्डारीले भन्नुभयो, "हामीहरुले यहाँ बसेर जसरी यहाँको राजनीतिमा योगदान दिइरहेका छौं, यो भावी पिँढीका लागि झन् बढी प्रेरक बन्नेछ । एक आप्रवासीका रुपमा जसरी दोस्रो पुस्तामा कमला ह्यारिसले एउटा गर्विलो इतिहास कोर्ने जर्मको गरिरहनुभएको छ, यसले धेरै आप्रवासीलाई प्रेरणा दिने विश्वास लिएका छौं ।"

"राजनीति भनेको पद र प्रतिष्ठामात्र होइन यसले मानिसका जीवनमा आइपर्ने अनेकन समस्यालाई जुध्न एउटा अभिभावकका रुपमा, व्यवसाय गर्नेहरुका लागि रोजगारीको अवसर सिर्जना गर्ने वातावरण बनाउने र धेरै नीति गत परिवर्तनमार्फत आन्तरिक र बाह्य रुपमा एक सशक्त उपस्थिति जनाउने काम गर्छ । त्यसैले यस्तो विषयलाई सम्बोधन गर्नसक्ने सशक्त उम्मेदवार डेमोक्र्याट पार्टीकी ह्यारिस हुन सक्नुहुन्छ भन्ने मेरो विश्वास छ", भण्डारीले भन्नुभयो ।

पेन्सलभेनियालाई मुख्य मतदान केन्द्रका रुपमा मानिएको छ । यो ब्याटल ग्राउण्ड स्टेट हो र यसमा सन् २०१६ र २०२० को मतदानको विश्लेषण गर्दा झिनो अन्तरले विजयी भएको देखिन्छ । त्यसैले नेपाली अमेरिकनहरुको मतले एउटा निर्णायक भूमिका निर्वाह गर्नसक्ने उहाँले धारणा राख्नुभयो ।

स्थानीय रुपमा राजनीतिमा सहभागी अभिषेक थापाले भन्नुभयो, "राजनीतिक विश्लेषण गर्दा यो पटक निकै प्रतिस्पर्धा हुने देखिएको छ । यही प्रतिस्पर्धामा हामी नेपालीहरुको मत महत्वपूर्ण मानिने विश्वास लिएका छौं । हामीहरुले पेन्सलभेनियामा रहेका नेपाली भाषीहरुलाई भोट हाल्नका लागि प्रेरित गर्न सम्भव भएसम्म हरेक नेपालीको घरमा पुगेका छौं । एउटा क्षेत्रमा मात्रै पनि करिब चार हजार पाँच सय नेपाली मतदाता छन् । ती ठाउँबाट हामीहरु मतदान गर्न प्रेरित गरिरहेका छौं ।"

पेन्सलभेनियामा सामाजिक तथा राजनीतिक काममा सक्रिय रहँदै आउनुभएकी विनिता पुरीले मतदान प्रक्रिया र राजनीतिमा सक्रिया सहभागिता जनाउन का लागि नेपाली भाषी समुदायका बीचमा विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले थप्नुभयो, "हामीहरुले मतदातालाई सचेत बनाउन अभियान सञ्चालन गर्दै आएका छौं, यसैले यसपटकको मतदानमा धेरैभन्दा धेरैले मतदान प्रक्रियामा भाग लिनुहुनेछ भन्ने विश्वास लिएकी छु ।"

पेन्सलभेनियामा नै बस्दै आउनुभएका जीवन दाहालले भने आफैं पनि डेमोक्र्याटिक पार्टीमा विश्वास गर्ने भएकाले ह्यारिसलाई विजयी गराउन आह्वान गर्नुभयो । यसैगरी प्रकाश ढुङ्गानाले भन्नुभयो, "एक नागरिकका रुपमा हामीहरुले मतदानमा भाग लिनु र आफूले मन पराएको उम्मेदवारलाई विजयी गराउनुपर्छ । रासस

# यू-१९ क्रिकेटः सुदूरपश्चिम फाइनलमा



बैतडी । नरेश श्रेष्ठ स्मृतिद्वारा विराटनगरमा आयोजित 'यू-१९ पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट' प्रतियोगिताको फाइनलमा सुदूरपश्चिम प्रदेश पुगेको छ । सोमबार भएको खेलमा कोसी प्रदेशमाथि एक सय २३ रनको विशाल जीत निकाल्दैं सुदूरपश्चिम फाइनलमा पुगेको हो ।

जीतका लागि एक सय ८४ रनको लक्ष्य पछ्याएको कोसी २२.३ ओभरमा ६० रनमा अलआउट भयो । कोसीका कप्तान सौजन घिमिरेले २६, आशिष मगरले १३ रन जोड्नबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

कोसीका लागि म्यान अफ द म्याच चुनिएका सचिन भट्टले उत्कृष्ट बलिङ प्रदर्शन गरे । सचिनले छ ओभर बलिङ गर्दै पाँच विकेट झारे भने नरेन साउँदले चार र सौजन घिमिरेले समान चार विकेट झारे । यसअघि मार्लिबोन विराटनगर ज्वाला क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिम ४७.३ ओभरमा एक सय ८३ रनमा समेटियो । सुदूरपश्चिमका युवराज खत्रीले ४४, अभिषेक थापाले ३७ रन बनाएका थिए ।

सुदूरपश्चिम यो जीतसँगै छ खेलबाट १० अङ्कका साथ अङ्कतालिकाको दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेको हो । अङ्कतालिकाको शीर्ष स्थानमा रहेको लुम्बिनी प्रदेशसँग सुदूरपश्चिमको बुधबार प्रतिस्पर्धा हुँदैछ । प्रतियोगितामा सातवटै प्रदेशको सहभागिता रहेकामा लुम्बिनी र सुदूरपश्चिम प्रदेश फाइनलमा पुगेका हुन् ।रासस

# चिनियाँ प्रधानमन्त्री ली किआङ देशले विकास लक्ष्य हासिल गर्नेमा 'पूर्ण विश्वस्त'

एएफपी

साङ्घाई । चिनियाँ प्रधानमन्त्री ली किआङले चीनका यस वर्ष आर्थिक लक्ष्यहरू प्राप्त गर्ने कुरामा आफू "पूर्ण रूपमा विश्वस्त" भएको मङ्गलबार बताउनु भएको छ । बेइजिङले सन् २०२४ का लागि करिब पाँच प्रतिशतको वृद्धिको लक्ष्य राखेको छ । तर महामारीको कारण तेस्रो त्रैमासिकमा सबैभन्दा कम वृद्धि हासिल गरेको छ ।

सरकारले आर्थिक गतिविधि बढाउने उद्देश्यले दर कटौती खरिद विक्री प्रतिबन्धलगायतका उपायहरूको घोषणा गरेको छ, तर विश्लेषकहरूले हाल सम्म अभावको आलोचना गरिरहेका छन् ।पर्यवेक्षकहरूले बेइजिङमा चीनको संसदको शीर्ष निकाय नेसनल पिपुल्स कङ्ग्रेस (एनपीसी) को स्थायी समितिको आसन्न बैठकबाट प्रोत्साहनका लागि विशेष तथ्याङ्क आउन सक्ने आशा गरेका छन् ।

साङ्घाईमा एक प्रमुख अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनीको उद्घाटन समारोहमा मङ्गलबार बोल्दै लीले यस वर्षको लक्ष्यहरू र भविष्यमा चीनको अर्थतन्त्रको विकासमा पूर्ण रूपमा विश्वस्त रहेको बताउनु भएको हो । आर्थिक दबाबको सामना गर्नुपर्दा आर्थिक समायोजनहरू बढाउने आवश्यकता बीच वित्तीय तथा मौद्रिक नीतिहरूका लागि अपेक्षाकृत र नीतिगत उपकरणहरू प्रचुर मात्रामा रहेको उहाँको भनाई छ ।

मङ्गलबार प्रकाशित सूचकाङ्क अनुसार अक्टोबरमा चीनको सेवा क्षेत्रमा पनि गति बढेको छ ।यस एण्ड पी ग्लोबल र चिनियाँ व्यापार मिडिया द्वारा गणना गरिएको सेवाहरूको लागि खरीद प्रबन्धक सूचकाङ्क सेप्टेम्बरमा ५०.३ बाट ५२ मा पुगेको छ । यो आँकडा जुलाईपछिको सबैभन्दा राम्रो हो ।

सिन्ह्वाका अनुसार सोमबार सांसदहरूले ऋणहरू प्रतिस्थापन गर्न स्थानीय सरकारको ऋण सीमा बढाउने विधेयकको समीक्षा गरेका छन् । साङ्घाईमा वार्षिक शोकेस ट्रेड शो चाइना इन्टरनेसनल इम्पोर्ट एक्सपो (सीआईआईई) मा बोल्दै लीले विदेशी लगानीका लागि थप उद्धारता अवलम्वन गर्न चीन प्रतिबद्ध रहेको बताउनु भएको छ ।

# हसिना शासनकालमा अपहरण गरिएका दुई सय बङ्गलादेशी अझै बेपत्ता

एएफपी



ढाका । अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सेनाले अपहरण गरेका करिब २०० जना बङ्लादेशीहरू अझै बेपत्ता रहेको जबर जस्ती बेपत्ता भएका घटनाहरूको अनुसन्धान आयोगका सदस्य नूर खानले मङ्गलबार बताउनु भएको छ ।

गत अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहमा भएको प्रदर्शन पछि हसिना हेलिकप्टर मार्फत छिमेकी देश भारत भाग्नु भएको थियो ।हसिना सरकारमाथि मानव अधिकार हननको आरोप तथा सयौंको गैरकानुनी अपहरण र बेपत्ता भएको आरोप लगाइएको थियो ।

हाल कार्यवाहक सरकारले गठन गरेको अनुसन्धान आयोगले हसिनाको निष्कासनपछि पाँच जनालाई गोप्य हिरासत केन्द्रबाट रिहा गरिएको तर अझै धेरैको विवरण नआएको जनाएको छ ।आयोगका अध्यक्ष मोइनुल इस्लाम चौधरीले सरकार र न्यायपालिकामा संस्थागत विच्छेदले पनि हसिनाको नेतृत्वमा दण्डहीनताको वातावरण फस्टाएको बताउनु भएको छ ।

उनीहरूले कानून प्रवर्तन एजेन्सीलाई सार्वजनिक हितमा नभइ आफ्नै एजेन्डा र राजनीतिक हितका लागि प्रयोग गरेको बताउनु भएको छ । आयोग नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको अन्तरिम सरकारका लोकतान्त्रिक सुधारहरू कार्यान्वयन गर्ने प्रयासको हिस्साको रूपमा स्थापना गरेको थियो ।


| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २०. | **नाम : श्री तराई रिकन्डिसन हाउस**<br>दर्ता नं. : १६११८/२०७८/०७९, दर्ता मिति : २०७८/११/२९<br>दर्ता गर्ने निकाय : मधेश प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय<br>**संचालक/शेयरधनी/प्रोप्राइटर/साझेदारी : किरण कार्की र प्रलाद कुमार राय**<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : प्रलाद कुमार राय**<br>बाबुको नाम : राम वहादुर राय अमात<br>बाजेको नाम : विलट राय<br>ठेगाना : लहान - ६, सिरहा<br>ना.प्र.प.नं. : १५२००५- १२६२३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७०/०३/०६ | **२. नाम : अमृत माया कार्की**<br>पतिको नाम : खुस देव कार्की<br>ससुराको नाम: धरम धोज कार्की<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : ५२६०७८२९<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५३/०५/०२ |
| **३. नाम : राम वहादुर राय अमात**<br>बाबुको नाम : विलट राय<br>बाजेको नाम : हरक राय<br>ठेगाना : तरही - २, सप्तरी<br>हाल : लहान - ६, सिरहा<br>ना.प्र.प.नं. : ९३८८०८३३<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०३५/०२/०२ | **४. नाम : खिन्द्रा कुमारी देवी**<br>पतिको नाम : राम वहादुर राय अमात<br>ससुराको नाम : विलट राय<br>ठेगाना : चन्द्रलालपुर - ७, सिरहा<br>हाल : लहान - ६, सिरहा<br>ना.प्र.प.नं. : ५२६०/७५३१/२३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४६/०९/०९ |
| **५. नाम : किरण कार्की**<br>बाबुको नाम : खुस देव कार्की<br>बाजेको नाम : धरम धोज कार्की<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : १५२००५/९०८१<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६९/०१/१८ | **६. नाम : खुस देव कार्की**<br>बाबुको नाम : धरम धोज कार्की<br>बाजेको नाम : गन्ज सिंह कार्की<br>ठेगाना : लहान - ९, सिरहा<br>ना.प्र.प.नं. : २४७९<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४५/०२/२५ |

**७. नाम : प्रियंका दास**
पतिको नाम : प्रलाद कुमार राय, ससुराको नाम : राम वहादुर राय अमात
ठेगाना : गौरिगंज - ३, झापा, हाल : लहान - ६, सिरहा
ना.प्र.प.नं. : ०४-०२-७६-०००४०, जि.प्र.का. झापा, जारी मिति : २०७६/०६/०४

**धितोको विवरण**

१. खिन्द्रा कुमारी देवीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको लहान बजार - ४ क, सिरहा स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-०-१०.५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. खुस देव कार्कीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. २११ र २१३ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २१. | **नाम : पन्चलाल चौधरी**<br>बाबुको नाम : अछमित लाल चौधरी, बाजेको नाम : हवाई चौधरी<br>ठेगाना : फुलकाहाकट्टी - ९, सिरहा, हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५३०४९/७३, जि.प्र.का. सिरहा, जारी मिति : २०६३/१२/०५<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : अछमित लाल चौधरी**<br>बाबुको नाम : हवाई चौधरी<br>बाजेको नाम : सुरैत चौधरी<br>ठेगाना : अयोध्यानगर - २, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : ९१४३/२<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/११/३० | **२. नाम : मोहनलाल चौधरी**<br>बाबुको नाम : अछमित लाल चौधरी<br>बाजेको नाम : हवाई चौधरी<br>ठेगाना :फुलकाहाकट्टी - ९, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५१०४९/१४८८८<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६६/०३/२८ |
| **३. नाम : सन्तलाल चौधरी**<br>बाबुको नाम : अछमित लाल चौधरी<br>बाजेको नाम : हवाई चौधरी<br>ठेगाना : फुलकाहाकट्टी - ९, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५-०१-६९-०३३६८<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६९/०८/१४ | **४. नाम : ममता कुमारी चौधरी**<br>पतिको नाम : पन्चलाल चौधरी<br>ससुराको नाम : अछमित लाल चौधरी<br>ठेगाना : फुलकाहाकट्टी - ९, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५१०४९/१९६८२<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७८/११/३० |

**५. नाम : पुर्णी चौधरी**
पतिको नाम : अछमित लाल चौधरी, ससुराको नाम : हवाई चौधरी
ठेगाना : फुलकाहाकट्टी - ५, सिरहा, हाल : धनगढीमाई - ४, सिरहा
ना.प्र.प.नं. : ०२४६२८३९ स.सि.८४९५, जि.प्र.का. सिरहा
जारी मिति : २०५५/११/१०

**धितोको विवरण**

अछमित लाल चौधरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको फुलकाहाकट्टी - ९, सिरहा स्थित कित्ता नं. ११८ को क्षेत्रफल ०-१-१६.५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २२. | **नाम : प्रणय निमार्ण सेवा प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १६०३९८/०७३/०७४, दर्ता मिति : २०७३/०९/०४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा<br>**सञ्चलकहरु : मनोज झा र प्रेमकली देवी झा**<br>**नाम : प्रणय जेनरल अर्डर सप्लायर्स**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा<br>दर्ता नं. : १७७५३/२५३८/०७७/७८, दर्ता मिति : २०७८/०३/०७<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा<br>**प्रोप्राईटर : मनोज झा, शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : मनोज झा**<br>बाबुको नाम : योगेन्द्र झा<br>बाजेको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६८३०१७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५१/०९/०६ | **२. नाम : रिना झा**<br>पतिको नाम : मनोज झा<br>ससुराको नाम : योगेन्द्र झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/२२०८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/१०/२४ |
| **३. नाम : प्रेम कली देवी झा**<br>पतिको नाम : शोभित झा<br>ससुराको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२५९३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५२/१२/०५ | **४. नाम : राजिब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२३३४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०१/१२ |
| **५. नाम : संजीब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२४७०<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०६/१८ | **६. नाम : चन्द्र कला देवी**<br>पतिको नाम : योगेन्द्र झा<br>ससुराको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६९११६९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४०/११/०८ |

**धितोको विवरण**

१. प्रेम कली देवी झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कित्ता नं. १३, १०४, ४०, १८८, ४१ र १८९ को क्षेत्रफल क्रमशः ०-०-४-३, ०-०-१५-११, ०-०-१-१, ०-०-११-३, ०-०-२-१ र ०-०-४-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. मनोज झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - २, धनुषा स्थित कित्ता नं. २०३ र २०५ को क्षेत्रफल क्रमशः ०-०-१७-१ र ०-०-३-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. चन्द्र कला देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको भंगहा - ६ च, महोत्तरी स्थित कित्ता नं. १५५ को क्षेत्रफल ०-७-०-१ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २३. | **नाम : दुर्गा सिंह**<br>पतिको नाम : ऋद्धी कुमार सिंह, बाबुको नाम : शम्भु थापा<br>ठेगाना : धनगढी - ५, सिरहा, हाल : धनगढीमाई - ११, सिरहा<br>ना.प्र.प.नं. : १३०४३०५७/१५६, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०३/२८<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : ऋद्धी कुमार सिंह**<br>बाबुको नाम : रामलगन सिंह<br>बाजेको नाम : चुवालाल सिंह<br>ठेगाना :धनगढी - ५, सिरहा<br>हाल : धनगढीमाई - ११, सिरहा<br>ना.प्र.प.नं. : १३१४३३०७१<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०३९/११/१९ | **२. नाम : दुर्गा सिंह**<br>पतिको नाम : ऋद्धी कुमार सिंह<br>बाबुको नाम : शम्भु थापा<br>ठेगाना : धनगढी - ५, सिरहा<br>हाल : धनगढीमाई - ११, सिरहा<br>ना.प्र.प.नं. : १३०४३०५७/१५६<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५२/०३/२८ |

**धितोको विवरण**

दुर्गा सिंहको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको नैनपुर - ६, सिरहा स्थित कित्ता नं. ७४२ को क्षेत्रफल ०-१-२.७५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २४. | **नाम : आदित्य सप्लायर्स एण्ड ट्रेडर्स**<br>दर्ता नं. : ९५२५/२०७५/०७६, दर्ता मिति : २०७५/१०/०९<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : सेवो कुमारी यादव**<br>**नाम : सेवो कुमारी यादव**<br>पतिको नाम : ओम प्रकाश यादव, ससुराको नाम : रामचन्द्र यादव<br>ठेगाना : चन्द्रोदयपुर - ३, सिरहा, हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५१०६८/१०३, जि.प्र.का. सिरहा, जारी मिति : २०६५/०८/१८<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सेवो कुमारी यादव**<br>पतिको नाम : ओम प्रकाश यादव<br>ससुराको नाम : रामचन्द्र यादव<br>ठेगाना : चन्द्रोदयपुर - ३, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५१०६८/१०३<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६५/०८/१८ | **२. नाम : ओम प्रकाश यादव**<br>बाबुको नाम : रामचन्द्र यादव<br>बाजेको नाम : बलदेव यादव<br>ठेगाना : फुल्काहाकट्टी - ९, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५-०१-७०-०९१६६<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७०/०४/११ |
| **३. नाम : राम कुमार यादव**<br>बाबुको नाम : रामचन्द्र यादव<br>बाजेको नाम : बलदेव यादव<br>ठेगाना : फुल्काहाकट्टी - ९, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : १५१०४९/६६१७<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०६/१४ | **४. नाम : रामचन्द्र यादव**<br>बाबुको नाम : बलदेव यादव<br>बाजेको नाम : गज्जु यादव<br>ठेगाना : मोहनपुर - ३, सिरहा<br>हाल : धनगढीमाई - ४, सिरहा<br>ना.प्र.प.नं. : ६२७१२२०२/१३२८<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४२/१२/०५ |

**धितोको विवरण**

१. सेवो कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको फुल्काहाकट्टी - ९ ख, सिरहा स्थित कित्ता नं. २५१ को क्षेत्रफल ०-१-५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. सेवो कुमारी यादवको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको फुल्काहाकट्टी - ९ क, सिरहा स्थित कित्ता नं. ५२५ को क्षेत्रफल ०-१-५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. रामचन्द्र यादवको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको फुल्काहाकट्टी - ९ ख, सिरहा स्थित कित्ता नं. २५३ को क्षेत्रफल ०-२-१०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २५. | **नाम : जय श्री कृष्णा ट्रेडर्स**<br>दर्ता नं. : ४५४४/२०७१/०७२, दर्ता मिति : २०७२/०२/१९<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : विमल कुमारी सिंह**<br>**शाखा कार्यालय : लहान** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : विमल कुमारी सिंह**<br>पतिको नाम : वद्री नारायण महतो<br>ससुराको नाम : देवी महतो कोइरी<br>ठेगाना : ब्रम्हानगोर्छारी - ४, सिरहा<br>हाल : धनगढीमाई - १०, सिरहा<br>ना.प्र.प.नं. : ०९१०१२१०<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५७/०५/२६ | **२. नाम : वद्री नारायण महतो**<br>बाबुको नाम : देवी महतो कोइरी<br>बाजेको नाम : रामलाल महतो<br>ठेगाना : ब्रम्हानगोर्छारी - ४, सिरहा<br>हाल : धनगढीमाई - १०, सिरहा<br>ना.प्र.प.नं. : ०७७/०९१०११५४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४८/११/२७ |
| **३. नाम : रविन्द्र सिंह**<br>बाबुको नाम : वद्री नारायण महतो<br>बाजेको नाम : देवी महतो कोइरी<br>ठेगाना : धनगढी - २ सिरहा<br>हाल : धनगढीमाई - १०, सिरहा<br>ना.प्र.प.नं. : १५-०१-६९-०५३५०<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६९/११/१० | **४. नाम : मिहीर सिंह**<br>बाबुको नाम : वद्री नारायण महतो<br>बाजेको नाम : देवी महतो कोइरी<br>ठेगाना : धनगढी - २ सिरहा<br>हाल : धनगढीमाई - १०, सिरहा<br>ना.प्र.प.नं. : १५१०२२/५२६०<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०४/२० |

**धितोको विवरण**

विमल कुमारी सिंहको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको नैनपुर - ५ ख, सिरहा स्थित कित्ता नं. १११५ को क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६

# टीभीएसद्वारा नयाँ युगको आरम्भ, योजनाका विजेताहरु घोषित

**टुडे समाचारदाता**

काठमाण्डु। टीभीएसको बाईक खरिद गर्दा जनकपुरधामका उतीम लाल साहले नगद १० लाख ५ हजार जितेका छन्। नेपालीहरुको महान चाड दशैं, तिहार र छठका अवसरमा टीभीएसद्वारा आयोजित "टीभीएस संग नयाँ युगको आरम्भ २०२४" उपहार योजना अन्तर्गत साहले बाइक खरिद गर्नु अघि ५ हजार र खरिद पश्चात १० लाख जित्न सफल भएका हुन्।




साहका साथै, महा एक्सचेन्ज मेला, भृकुटीमण्डपमा टीभीएसको सवारी साधन खरिद गर्दा टेकराज गुरुङले रु ५ लाख ५ हजार जित्न सफल भएका छन्। उनले खरिदअघि रु. ५,००० र खरिद पश्चात रु. ५ लाख जित्न सफल भएका हुन्।

महा एक्सचेन्ज मेला, भृकुटीमण्डपमै टीभीएसको सवारी साधन खरिद गरेका प्रकाश अधिकारीले सवारी साधनको खरिदमा ५०% क्याशब्याक र खरिदअघि रु. ५,००० जित्न सफल भएको जानकारी दिइएको छ। त्यसैगरी, बागेश्वरी अटोमोटिभ्स, धनगढीमा टीभीएसको सवारी साधन खरिद गरेका सञ्जित चौधरीले २५% क्याशब्याक र खरिदअघि रु. ५,००० जित्न सफल भएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ। साथै "टीभीएस संग नयाँ युगको आरम्भ २०२४" उपहार योजना अन्तर्गत हाल सम्म २ जनाले नगद रु. १ लाख, ४ जनाले नगद रु. ५० हजार, १० जनाले नगद रु. २५ हजार, १५ जनाले नगद रु. १५ हजार र १८ जनाले नगद रु. ५ हजार जित्न सफल भइसकेका छन्।

नेपालमा दुईपाङ्ग्रे सवारी साधनको क्षेत्रमा अग्रणी ब्रान्ड टीभीएसले उपहार योजना अन्तर्गत टीभीएसको नेपाल भर रहेका अधिकारिक विक्रेता मार्फत टीभीएसका सवारी साधन खरिद गरेका उपभोक्ताहरु मध्य नगद उपहार जित्न सफल भाग्यशाली विजेताहरुको घोषणा गरेको हो। टीभीएस संग नयाँ युगको आरम्भ, उपहार योजना देशभरका टीभीएसका सवारी साधनका लागि आधिकारिक विक्रि केन्द्रहरू मार्फत आयोजना भइरहेको छ। उपहार योजनामा ग्राहकहरूको उत्साहपूर्ण सहभागिताका भइरहेको कम्पनीले बताएको छ। यस योजना अन्तर्गत, ग्राहकहरुले नगद पुरस्कार, क्याशब्याक, र प्री-पर्चेज बोनस जस्ता विविध पुरस्कारहरु जित्ने अवसर प्राप्त गरिरहेका छन्।

टीभीएस नेपालले सम्पूर्ण विजेताहरूलाई बधाई दिँदै। उत्साहजनक सहभागीताका लागि आभार व्यक्त गरेको छ। यस मेलालाई सफल बनाउन सहयोग गर्ने हरेक ग्राहकलाई धन्यवाद दिँदै, कम्पनीले योजना कायम रहेको र यस योजनामा सहभागिता जनाई मौकाको उल्लेख्य फाइदा लिन सबैलाई आग्रह गरेको छ। साथै, आगामी दिनहरुमा पनि अझ उत्कृष्ट र रोचक सवारीसाधनसँगै ग्राहकलाई थप आकर्षक अफरहरू ल्याइरहने प्रतिबद्धता व्यक्त गरेको छ।

# सिटिजन्स बैंक र दराज बीच सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु। सिटिजन्स बैंक र नेपालको अग्रणी अनलाइन बजार दराज केयमु प्रा.लि. बिच मंगलबार बैंकका कार्डबाहक ग्राहकहरुलाई दराजको ११.११ अभियानमा छुट प्रदान गर्ने सम्झौता भएको छ। यो योजना नोभेम्बर ११ (कार्तिक २६ गते) देखि लागू हुनेछ।

सिटिजन्स बैंकमा खाता रहेका ग्राहकहरुले दराज द्वारा ११.११ को अवधिमा अनलाइन सामान खरिद गर्दा डेबिट कार्ड मार्फत अग्रिम भुक्तानीमा १५% वा अधिकतम रु २,००० सम्मको छुट र क्रेडिट कार्ड मार्फत अग्रिम भुक्तानीमा २० % वा अधिकतम रु २,५०० सम्मको छुट प्राप्त गर्न सक्नेछन्। माथि उल्लिखित पूर्व भुक्तानी छुटहरू अभियानको अवधिमा सीमित अवधिको लागि मात्र लागू हुनेछ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरु बाट १८ लाख भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर



काठमाण्डु। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २९ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८९ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४६ रुपैयाँ ४० पैसा र बिक्रीदर एक सय ४६ रुपैयाँ ५ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ सात पैसा र बिक्रीदर एक सय ७४ रुपैयाँ ८५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५५ रुपैयाँ ५५ पैसा र बिक्रीदर एक सय ५६ रुपैयाँ २४ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ५७ पैसा र बिक्रीदर ८८ रुपैयाँ ९७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ५२ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९६ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ र बिक्रीदर एक सय दुई रुपैयाँ ४६ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ८५ पैसा र बिक्रीदर आठ रुपैयाँ ८९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९३ पैसा र बिक्रीदर १९ रुपैयाँ दुई पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९१ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३७ रुपैयाँ एक पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ७१ पैसा र बिक्रीदर ३० रुपैयाँ ८५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७८ पैसा र बिक्रीदर नौ रुपैयाँ ८२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५८ पैसा र बिक्रीदर १२ रुपैयाँ ६४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ६३ पैसा र बिक्रीदर १९ रुपैयाँ ७२ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २८ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ४० पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ३६ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ २० पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ७९ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# धानखेत मासेर किबीखेती : बजारमा उच्च माग

गलकोट। एकपटकको लगानीले वर्षौंसम्म आम्दानी दिने बहुगुणी फल किबीप्रति बागलुङका किसानको आकर्षण छ। काठेखोला गाउँपालिका-५ थामडाँडाका इन्जिनियर खिमानन्द कँडेलले १२ रोपनी जग्गामा किबीखेती गर्नुभएको छ।



गत वर्ष पाँच सय केजी किबी बजार पठाउनुभएका उहाँको किबी बगैचामा यस पटक दोब्बर बढी उत्पादन भएको छ। गत वर्षदेखि उत्पादन दिन थालेको किबी वार्षिक रुपमा ५०० केजी भन्दा बढीका दरले उत्पादनमा वृद्धि हुँदै आएको छ।

किबीको मूल्य क्रमशः घट्दै गए पनि उत्पादन बढ्दै गएको कँडेलको भनाइ छ। उहाँजस्ता सयौं किसानले किबीलाई प्राथमिकतामा राखेर खेती गर्न थालेका छन्। प्रतिकेजी रु तीन सयमा बिक्री हुँदै आएको किबीले क्रमशः बजार पाउन थालेपछि यहाँका किसान उत्साहित भएका छन्।

"सुरुमा बढी मेहनत लाग्छ किबीमा २०७७ सालमा लगाएको किबीले गत वर्षदेखि उत्पादन दिन थाल्यो, अघिपछि स्याहार गरिरहन पर्दैन, जागिर तथा अन्य काम गरेर पनि किबीखेती गर्न सकिन्छ", उहाँले भन्नुभयो, "कोरोनाकालमा बाँझो बारीलाई सदुपयोग गर्न लगाएको किबीले वर्षभरिको घर खर्च पुगे भइहाल्यो, कोदो जम्मा आठ-दश मुरीमात्र फल्थ्यो पहिला त्यही बारीमा।"

बागलुङमा थोरै लगानीमा राम्रो आम्दानी गर्ने उत्कृष्ट फलफूलखेतीका रूपमा किबीलाई लिन थालेपछि यहाँका किसान उत्साहित भएका छन्। ई कँडेलले यो वर्ष रु तीन लाख बढीको किबी बिक्री गर्ने लक्ष्य लिनुभएको छ।

पछिल्लो समय बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, खेतीयोग्य अन्य जग्गामा काम गर्ने जनशक्ति अभाव भइरहेका सन्दर्भमा जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबी बनेको छ। काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछाने यस वर्ष २० क्विन्टल किबी फलेको बताउनुभयो। उहाँले किबीको बजारीकरणका लागि स्थानीय तहलाई नीति बनाउन आफूले सुझाएको जानकारी दिनुभयो।

"बीस क्विन्टल किबी फलेको छ, एकैपटक बजारमा पुग्दा बिक्री नहुन सक्छ, कम्तीमा एक महिना राखेर बिक्री गर्न सके राम्रै आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "एकपटक लगाउने, समय-समयमा हेरचाह गर्ने र थाक्रो व्यवस्थापन गरेपछि सहजै किबी फल्छ, तरकारीखेतीलाई जस्तो स्याहार गर्नु पर्दैन, फुर्सदको समय उपभोग पनि हुने आम्दानी पनि हुने।

" किबीलाई सुन्तलाको जस्तै बजारीकरणको भने आवश्यकता रहेको अनुभव सुनाउनुहुन्छ।

किबीको उत्पादन बढेपछि रु छ सय पर्ने किबीको मूल्य भने घटेर रु तीन सय प्रतिकेजीमा झरेको छ। गाउँ-गाउँमा उत्पादन भएको किबी अहिले बागलुङ बजारमा देखिन थालेको छ। केही वर्ष पहिलासम्म आयात गरेको किबी बिक्री गर्दै आएका यहाँका फलफूल व्यवसायी अहिले बागलुङकै गाउँ-गाउँमा उत्पादन भएको किबी बिक्री गर्न भ्याइनभ्याइ भएको बताउँछन्।

बागलुङ नगरपालिका-८ सिगानाका पूर्ववडाध्यक्ष जितबहादुर जिसीले धानखेत मासेर सुन्तला र किबीखेती गर्दै आउनुभएको छ। बहुगुणी फल भएको भन्दै जिसीले घरमा खाने र पाहुनालाई समेत पठाउने गरेको बताउनुभयो। आफू वडाध्यक्ष हुँदा किसानलाई सुन्तला र फलफूलखेतीमा आकर्षण गर्न आफैँबाट सुरु गरेको बताउनुभयो।

बागलुङ -१० भकुण्डेका हर्कबहादुर थापा, निसीखोला गाउँपालिका-४ स्थित तुलसीराम रेग्मी, गलकोट नगरपालिका-१ दुदिलाभाटीका गुमानसिंह खत्री, निसीखोला गाउँपालिका-४ स्थित लीला घर्ती र ताराखोला गाउँपालिका-५ का नरबहादुर रानालगायत बागलुङका करिब एक सयभन्दा बढी किसान किबीको व्यावसायिक खेतीमा लाग्नुभएको छ।

केही नयाँ हुनुहुन्छ भने केही किबीका पुराना किसान हुनुहुन्छ। पहाडी जग्गाको सदुपयोगसँगै बहुगुणी फल किबीको राम्रो सम्भावना देखेपछि किसान उत्साहित भएका हुन्। मलजल र थाक्रो राम्रो भएमा एउटै बोटमा धेरै किबी फलाउन सकिने किबी किसान मेहरसिंह पाइजाले बताउनुभयो।

किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु र रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्ने भएकाले पनि बजारमा यसको माग बढी भएको स्वास्थ्यकर्मीको भनाइ छ। किबीखेती एक हजार दुई सयदेखि दुई हजार फिटसम्मको उचाइमा लगाउन सकिने कृषि ज्ञान केन्द्र बागलुङका बाली विकास अधिकृत कुमार पुनले बताउनुभयो।रासस

# नेप्से परिसूचकमा झिनो गिरावट

काठमाण्डु। दीपावलीको सार्वजनिक बिदापछि मंगलबार खुलेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अङ्कले घटेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव २१ अङ्कले ओरालो लागेर दुई हजार छ सय ७७ दशमलव ४० मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अङ्कले ओरालो लागेर चार सय ७७ दशमलव ९९ मा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य उकालो लाग्दा छ उपसमूहको भने ओरालो लागेको छ। कूल ९७ लाख १३ हजार सात सय ३० कित्ता शेयर रु चार अर्ब २० करोड ५५ लाख पाँच हजार दुई सय ३७ मा कारोबार भएको छ।रासस


## Mithila Bihari Municipality
## Office of the Municipal Executive
### Tarapatti,Dhanusa
### Madhesh Pradesh

## Notice for Opening Financial Bid

First Date of publication: 6th November 2024 A.D. (2081/07/21)

Pursuant to rule no. 31 JA ,(sub rule no-5 and 6) of Public Procurement Regulation -2064 and as per the clause 25.7 of ITB ,it is notified to all concerned Bidders that financial bids of the work mentioned below will be opened publically in presence of bidder's representatives who choose to attend at 13:00 pm on Date and Time Mentioned in the Table Below.

| S. N | Contract ID No. and Name | Substantially Responsive Bidders in Technical Evaluation |
|---|---|---|
| 1 | 02/02/2080-81/NCBW/BW/ MBM (NA.PA. BHITRA NAYA ADHURO BHAWAN NIRMAN KARYA) | 1. Kanchan Infra pvt.Ltd, Janakpur-12<br>2.J.S.S. Engineering services private limited, KMC -30 , Kathmandu |

**Financial Bids Opening Schedule:**

Venue: Mithila Bihari Municipality Tarapatti, Dhanusa, Meeting Hall

Date: 2081/07/29(14th November 2024 A.D.)

Time: 13:00 Hours(NST)

**Chief Adminstrative Officer**



## मिथिला लघुवित्त वित्तीय संस्था लि.को संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिल्ड टेन्डर (बोलपत्र) आव्हान सम्बन्धी सूचना

मिथिला लघुवित्त वित्तीय संस्था लि.को संस्थापक समूहको १०,००० (दश हजार) कित्ता शेयर न्यूनतम प्रति कित्ता रु.४००/- (चार सय मात्र) को दरले लिलाम बढाबढ अर्थात बोलकबोल माध्यमबाट बिक्री गर्ने यस संस्थाको संञ्चालक समितिको निर्णय भएको हुँदा उक्त संस्थापक शेयर खरीद गर्न योग्य ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथमिक्ता दिने गरि जो कोही ब्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति २०८१/०७/२१ गते देखी २०८१/०८/०५ गते भित्र मिथिला लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय ढल्केवर, धनुषामा आईपुग्ने गरि प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न १५(पन्ध्र) दिने सूचना आव्हान गरिन्छ ॥

| क्र.सं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्रको) नाम र ठेगाना |
|---|---|
| १. | मिथिला लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, ढल्केवर धनुषा। |

**तपशिल**

| क्र.सं. | कम्पनीहरुको नाम | शेयर कित्ता |
|---|---|---|
| १. | मिथिला लघुवित्त वित्तीय संस्था लि.। | १०,००० |

**शर्तहरूः**

१. बोलपत्र आवेदन फाराम रु १००/ भुक्तानी गरी मिथिला लघुवित्त वित्तीय संस्था बाट प्राप्त गर्न सकिन्छ।
२. आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। केरमेट भएका ठाउँमा दस्तखत गर्नु पर्नेछ।
३. प्रति कित्ता रु ४००/-( अक्षरेपी चार सय मात्र ) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वतः रद्द हुनेछ।
४. शेयर खरीद को लागि आवेदन गर्दा न्यूनतम १०० (सय) कित्ताको लागि आवेदन दिनुपर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिने छ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकत्तम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्या आवेदन गर्न पाइने छैन।
५. शिलबन्दी खाम बाहिर "**मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्ने छ।
६. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम ढल्केवर, धनुषा स्थित माछापुच्छे बैकमा रहेको मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड को चल्ती खाता नं. ११५००३४०७६२०००११ मा नगद जम्मा गरी सो को सक्कल बैंक भौचर संलग्न गरी सिलबन्दी बोलपत्र पेश गर्नु पर्ने पर्नेछ। साथै Swift Transfer/IPS को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer /IPS आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न गरी आवेदन दिन सक्नुहुनेछ।
७. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिने छ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।
८. कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरु लगायत अन्य व्यक्ती तथा संघ संस्थाहरुको लागी यो सूचना प्रकाशित गरिएको हुनाले शेयर खरीद को लागि आवेदन पेश गर्दा शेयरधनी नम्बर वा हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
९. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।
१०. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराइने छ।
११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१२. यस कम्पनीको स्वीकृत बोलपत्रलाई बाँडफाँट गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी सम्बन्धित आवेदकलाई जानकारी गराइनेछ।
१३. बोलपत्र आवेदनहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१४. बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरीद कारोबार तथा नामसारी गरिनेछ। शेयर खरीद कारोबार तथा नामसारी गर्दा लाग्ने ब्रोकरेज कमिसन (Borkerage Commission) लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१५. आवेदन फाराममा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
१६. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस बैंकको संचालक समितिमा रहने छ।

**मिथिला लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)
**केन्द्रीय कार्यालय, ढल्केवर, धनुषा**

# मुख्यमन्त्री सिंहद्वारा एसपी र डिएसपी सम्मानित



**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध दुर्व्यवसन तथा ओसारपसार, आपराधिक गतिविधि एवम् जुवातासविरुद्ध सफलतापूर्वक काम गरेको भन्दै मुख्यमन्त्री सतीशकुमार सिंहले धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी र प्रहरी नायब उपरीक्षक बरुणकुमार सिंहलाई सम्मान गरेका छन् ।

मुख्यमन्त्री सिंहले आफ्नै सरकारी निवासमा मंगलबार खाँदा ओढाएर सम्मानित गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

मधेश प्रदेश सरकारले धनुषा प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी र प्रहरी नायब उपरीक्षक बरुणकुमार सिंहलाई सम्मानित गरिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

मुख्यमन्त्री सिंहले जनकपुरधाममा प्रहरीले युवा पुस्तालाई लागु औषध दुर्व्यवसनको दलदलबाट निकाल्ने काम गरेको बताए । उनले पछिल्लो समय यो समस्याले विकरालरुप लिदै गइरहेको छ । 'तर प्रहरीले युवा पुस्तालाई यसको दलदलबाट निकाल्ने काम गरेको छ, जुन सराहनीय हो,' मुख्यमन्त्री सिंहले भने ।

जुवातास जस्ता सामाजिक विकृति नियन्त्रणमा पनि धनुषा प्रहरीको उल्लेखनीय योगदान गरेकाले सम्मान गरिएको मुख्यमन्त्री सिंहले प्रस्ट्याए ।

मधेश प्रदेशमा अपराध नियन्त्रण, न्यूनीकरण तथा निमूल गर्ने कार्यमा सुरक्षा निकायलाई प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री सिंहको कथन छ ।

## शुभकामना आदानप्रदान कार्यक्रममा युवतीको विवाह उमेरबारे पुनर्विचारमा संघीय सरकार

# 'प्रदेश प्रहरी समायोजन नहुँदा प्रदेश सरकार निरिह'

**जनकपुरधाममा मंगलबार मधेश प्रदेशसभामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै कानुन न्याय तथा संसदीय मामिला मन्त्री चौरसियाले युवायुवतीहरु मिलेमतोमा भागि विवाहलगायतका घटनाहरु समाजमा मौलाउँदै गएकाले विवाह गर्ने उमेरमाथि पुनर्विचार गर्न लागिएको बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशसभामा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा विभिन्न किसिमका समाजमा हुने गरेका हानिकारक घटनाका कारणले विकृति, विसंगतिसंगै अराजकता तथा आपराधिक घटनासम्म मौलाएको भन्दै वक्ताहरुले व्यापक चर्चा गरेका छन् ।

संघीय सरकारका कानुन न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौर सियाले युवतीको विवाहका लागि उमेरबारे छलफल थालिएको बताएका छन् ।

जनकपुरधाममा मंगलबार मधेश प्रदेशसभामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै कानुन न्याय तथा संसदीय मामिला मन्त्री चौर सियाले युवायुवतीहरु मिलेमतोमा भागि विवाहलगायतका घटनाहरु समाजमा मौलाउँदै गएकाले विवाह गर्ने उमेरमाथि पुनर्विचार गर्न लागिएको बताए ।

उनले केटाकेटीहरु भागेपछि उनीहरुको अभिभावकले अपहरण, बलात्कारलगायतका मुद्दा दायर गर्दा अन्यायमा पनि ती केटाकेटीहरु नै परिरहेको र समाजमा समेत गलत सन्देश गइरहेकाले विवाहको उमेर सच्याउनका लागि आन्तरिक गृहकार्य भइरहेको बताए ।

उनले आफूले सो मन्त्रालयको जिम्मेवारी सम्हालेपछि कानुनमा देखिएका प्राविधिक तथा जटिल समस्याहरुको अड्काउ फुकाउलगायतका विभिन्न किसिमका कामकारबाहीहरु




प्रभावकारी रुपमा भएको दाबी गरे । मधेशप्रदेशमा देखिएका कानुनीलगायतका समस्याहरुबारेमा आफू गम्भीर रहेकाले यसबारे पनि छिट्टै समस्या समाधान हुने मन्त्री चौरसियाले बताए । प्रहरी समायोजनलगायतका कार्यका लागि समेत व्यवहारिक कार्यहरु अघि बढेको उनले बताए ।

त्यसैगरि मुख्यमन्त्री सतीशकुमार सिंहले यस प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी मधेश प्रदेश सरकारको रहे पनि प्रदेश समायोजन नहुँदा हामी गैरजिम्मेवार देखिएको भन्दै गुनासो गरेका छन् ।

मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा आपाराधिकलगायत विभिन्न खाले घटना तथा प्राकृति विपदालगायतका समस्याहरुबाट गुज्रिनु परिरहे पनि मधेश प्रदेश सरकारले केही गर्न नसक्नुको कारण केन्द्र सरकार रहेको आरोप लगाए । प्रदेश प्रहरी समायोजनप्रति संघीय सरकार गम्भीर नरहेको उनले आरोप लगाए । प्रदेश सरकारको प्रशासनिक सञ्चालनमा समस्या आउनु, मधेश प्रदेशको शान्ति सुरक्षालगायतका सवालको समस्या समाधानका लागि प्रहरी समायोजन तत्काल गर्नुपर्ने माग उनले राखे । मुख्यमन्त्री सिंहले मधेश प्रदेश धार्मिक पर्यटकीय क्षेत्रको रुपमा रहेकाले यसको व्यापक प्रचारप्रसार संगसंगै यसका लागि गर्नुपर्ने विभिन्न कार्यहरुमा दुवै देशबाट मुद्राको सहजीकरण र पर्यटकीयलाई भ्रमणका लागि अर्थमा लगाइएको बन्देज समेत फुकुवा गर्न दुवै देशका सरकारसंग माग गरे ।

मुख्यमन्त्री सिंहले भने, 'भारत-नेपाल घुम्न चाहने पर्यटकलाई दुई थरीका समस्याबाट बाध्यतावश गुज्रिनुपरेको छ, एक मुद्राको दायरा र अर्को पर्यटकका लागि निर्धारण गरिएको समयसिमाले सवारीका लागि भन्सारमा उत्पन्न हुने समस्याबाट आफूलाई निकै सास्ती हुने गरेको छ ।'

मुख्यमन्त्री सिंहले संघीय सरकारका मन्त्रीसंग आग्रह गर्दै पर्यटकहरुका लागि सीमावर्ती क्षेत्रमा नेपाल तथा भारत सरकारले मुद्रा सटहीको व्यवस्था, पर्यटकहरु सवारीसाधनसहित आउने भएकाले भन्सारमा सवारीको म्याद थपका लागि अनलाइन व्यवस्थालगायतका बारेमा सहजीकरण गरिए मधेश प्रदेशदेखि सात वटै प्रदेशमा घुमफिर गर्न चाहने पर्यटकका लागि निकै राहत मिल्ने बताए ।

उनले सरकारले धार्मिक पर्यटनीय स्थलका लागि कम लगानी गरेमा धार्मिक पर्यटकहरु स्वतः वृद्धि हुनेसंगै मनग्य आम्दानी तथा स्वरोजगारीसमेतको सृजना हुने बताए ।

उनले सरकारले आफ्नो सबै प्रदेशवासीलाई रोजगारी दिन नसक्ने हुनाले नीजिस्तरमा पनि रोजगारीका लागि अग्रसर हुनुपर्ने बताए । उनले प्रदेश सरकारले सबैलाई जागिर दिन नसक्ने बताए ।

प्रतिनिधिसभा सदस्य किरण कुमार साहले मधेश प्रदेशमा व्यापक रुपमा तस्करी मौलाएको भन्दै यसलाई रोक्नका लागि ध्यानाकर्षण गराएको विषयमा मुख्यमन्त्री सिंहले आफ्नो मातहतमा प्रहरी प्रशासनसमेत नरहेकाले सो विषयवस्तु प्रतिनिधिसभामा उठाउन आग्रह गरे ।

सभामुख रामचन्द्र मण्डलको अध्यक्षतामा भएको सो शुभकामना आदनप्रदान कार्यक्रममा मुख्यमन्त्री सिंहले भने, 'भारु नोटको ठूलो रुपैयाँ बन्देजका लागि सिमावर्ती क्षेत्रमा सटही राखेर सुविधा दियौं । अनलाइन माध्यमबाट सवारी भन्सारबाट नवीकरणको सुविधा आवश्यकता छ, भारतीय पर्यटकलाई कसरी टिकाउन सकिन्छ, यसका लागि विशेष सुविधासहित कार्ययोजनाको जरुरी रहेको छ ।'

त्यस्तै आम जनता पार्टीका अध्यक्षसमेत रहेका संघीय सांसद प्रभु साहले मधेश प्रदेशमा व्यापक रुपमा भ्रष्टाचार मौलाएको भन्दै आन्दोलनका आवश्यकताका लागि जनतासंग अपील गरे ।

सो कार्यक्रममा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी, प्रतिनिधिसभा सदस्यहरु, प्रदेशका मन्त्रीहरु, प्रदेशसभा सदस्य, विभिन्न मन्त्रालयका सचिवहरु, कर्मचारीहरु, सुरक्षानिकायका प्रमुखलगायतकाहरुको समेत सहभागिता रहेको थियो ।

# कर्मचारी समायोजनमा समान व्यवहार नगरिए कडा संघर्ष गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्यकर्मीहरुको हकमा कर्मचारी समायोजन ऐन तत्काल सच्याएर समान व्यवहार गर्न माग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयलगायतका विभिन्न सरोकारवाला निकायमा ज्ञापनपत्र बुझाएका छन् ।

मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रका कर्मचारीसंग असमान व्यवहार भएको भन्दै तत्काल कर्मचारी समायोजन ऐन संशोधन गरी समान पदमा तह अनुरुप समायोजन गर्न हेल्थ असिस्टेन्ट संघ नेपाल(हान) मधेश प्रदेशले माग गरेको छ ।

असमान व्यवहार अनुसार कर्मचारी नसच्याइएमा कडाभन्दा कडा संघर्ष गर्ने चेतावनीसमेत प्रदेश संयोजक धीरेन्द्र कुमार यादवले दिएका छन् ।

स्थानीयतहमा कार्यरत केही स्वास्थ्यकर्मीहरुले असान्दर्भिक र अमानवीय मागहरु राखेर बुझाएको ज्ञपान पत्रप्रति ध्यानाकर्षण भएको भन्दै हान मधेश प्रदेशका संयोजक यादवले त्रुटिपूर्ण ऐन नसच्याएमा कडा संघर्ष गर्ने बताए ।

प्रदेश निजामति ऐन र स्थानीय सेवाको ऐनलाई नियाली हेर्दा १५



महीने कोर्ष उत्तीर्ण गरी स्वास्थ्य सेवामा चौथो तहबाट सेवा प्रवेश गरेका अहेवलाई बिना कुनै थप शैक्षिक योग्यता अधिकृत सातौं तहसम्म तहवृद्धि गरिएको नगरिएको सो ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

सो ज्ञापन पत्रमा लेखिएको छ, 'तसर्थ माननीय मुख्यमन्त्री ज्यूलाई हाम्रो संगठन हेल्थ असिस्टेंट एसोसिएसन नेपाल (ज्ब्ब्ल्) प्रदेश कार्य समिति जनकपुरधाम, धनुषा हार्दिक अनुरोध गर्दछ की केही सीमित स्वार्थ समूहले आफू सातौ तह सम्म जाने गरी सिंगो स्वास्थ्य प्रणालीलाई ध्वस्त हुने गरी मागेको माग सम्बोधन नगरिदिनु हुन अनुरोध गर्दछौं ।'

हान मधेश प्रदेशका संयोजक यादवले कानुन सम्मत सल्लाह सुझाव तथा मागलाई वास्ता नगरिएमा हामी बाध्य भई कडा भन्दा कडा संघर्षका कार्यक्रमहरु गर्न बाध्य चेतावनीसमेत दिए ।

सो ज्ञापनपत्रमा भनिएको छ, 'सि.अ.हे.व.अधिकृत छैठौं तहले एक पटकका लागि एक तह वृद्धि गर्ने गरी माग गरेको र स्थानीय सेवा (गठन तथा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०८१ को ड्राफ्टमा दफा ४ को उपदफा ६ क मा थप गर्नेमा ऐन मा अन्यत्र जूनसुकै कुरा लेखिएको भए तापनी कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समान पद र तहमा समायोजन भई यो ऐन जारी हुदाँका बखत सम्म स्तरबृद्धि वा तहबृद्धि नपाएका स्वास्थ्य सेवाका कर्मचारीलाई समायोजन भएका मितिबाट ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले एक पटकका लागि एक तह स्तरवृद्धि गरिदिने व्यहोरा उल्लेख भएको देखिएको छ ।'

सो ज्ञापनपत्रमा यसरी वृद्धि पद स्वतः सृजन हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः सो पद खारेज भइ जानेछ । यसरी एक तह वृद्धि गर्दा कनिष्ट कर्मचारी वरिष्ठ हुने हुने हुदाँ लोक सेवा आयोगको प्रक्रिया र शैक्षिक योग्यता समेतलाई कदर नभई बाँकी (९५%) स्वास्थ्य सेवाका कर्मचारीको मनोबल कम हुने साथै यस्तो ब्यवस्था अन्य कुनै पनि प्रदेशमा नभएकोले सो सम्बन्धमा माननीय मुख्यमन्त्री ज्यूको ध्यान आकृष्टको लागि अनुरोध छ। अन्य प्रदेश को ऐन तथा संघीय ऐनहरु तपशिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।' उल्लेख रहेको छ ।

हानले मधेश प्रदेशको प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी, स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंह, उर्जा, सिचाइँ तथा खानेपानी मन्त्री शेषनारायण यादवलगायतकालाई समेत सो ज्ञापनपत्र बुझाएका थिए ।

# नगराईनको समस्या समाधान एक साताभित्र नभए आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराईन नगरपालिकाका मेयर र उपमेयरका कारण पाँच महिनादेखि सम्पूर्ण कामकाज ठप्प रहेको बेला एक समूहले सात दिनभित्र समस्या समाधान नगरिएमा चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिएको छ ।

नगराईन नगरपालिकाका मेयर विनयकुमार यादव र उपमेयर राधादेवी यादवका कारण उत्पन्न विवादले सम्पूर्ण कामकाज ठप्प हुँदा शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रत्यक्ष असर परेको भन्दै प्रमुख जिल्ला अधिकारीमार्फत नगराईन अगुवा समूहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापन पत्र बुझाएको छ ।

धनुषका प्रमुख जिल्ला अधिकारी रामुराज कडयिामार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाउँदै तत्काल नगराईन नगरपालिकाको समस्या समाधानका लागि पहलकदमी लिनका लागि ध्यानाकर्षण गराइएको समूहका संयोजक आदर्श मण्डलले जनाए ।

संयोजक मण्डल नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी कडरियालाई ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराउँदै एक साताभित्रमा समस्या समाधान नभए चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिए ।

मेयर र उपमेयरबीचको विवाद कारण सो पालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षक




तथा शिक्षिकाहरु आन्दोलनमा उत्रिदा करिब १ महिनादेखि विद्यालय र स्वास्थ्य चौकी पूर्णरूपमा ठप्प हुँदा सेवाग्राहीलाई सास्ती भोग्नु परेको सो ज्ञापनपत्रमा उल्लेख छ ।

मेयर-उपमेयरबीचको लडाईले विद्यार्थीहरूको शिक्षामा ठूलो असर परेको छ भने स्थानीय नागरिकहरूले स्वास्थ्य सेवा लिनबाट समेत वञ्चित हुनु चिन्ताजनक रहेको भन्दै तत्काल नगराईन नगरपालिकाको समस्या समाधानका लागि प्रधानमन्त्री ओलीलाई पहल गरिदिनका लागि आग्रह गरेको उनले बताए । मेयर र उपमेयरले आ-आफ्नो तर्फबाट समस्या समाधानका लागि ठोस कदम चालेको नदेखिएको हामी गम्भीर रहेको अवगत गराउँदै एक साताभित्रमा विद्यालय, स्वास्थ्य सेवालगायत नगराईन नगरपालिकाको कामकारबाही सञ्चालनमा नआएमा आफूहरु चरणवद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत सो ज्ञापनपत्रमार्फत दिएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियामार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको छ ।

# मोटरसाइकल चोरी बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा केही महिनादेखि मोटरसाइकलसहितका चोरीको घटनामा वृद्धि भएको छ । धनुषा प्रहरीले विभिन्न वारदातका आरोपीहरुलाई पक्राउ गरिए पनि मोटरसाइकललगायतका चोरीको घटनामा कमी आउन सकेको छैन ।

सर्वसाधारण चाडपर्वमा व्यस्त रहँदा घरहरु सुनसान रहने गरेकाले जनकपुरधाम उपमहनगरमा मोटरसाइकलसहितका विभिन्न चोरीका घटनामा वृद्धि भएको छ ।

सोमबार साँझ ७:३० बजे सेन्ट्रल इन्जिनियरिङ कलेजको



पछाडिबाट ज ११ प ७२७१ नम्बर रहेको रातो कलरको एपाची मोटरसाइकल चोरी भएको एक पीडितले जनाएको छ ।

चोरी भएको केही समयमै प्रहरीलाई जानकारी गराइए पनि सो मोटरसाइकलसहित चोर भने फरार भएका छन् । रातभरदेखि खोजीकार्य जारी रहेको बताइए पनि धनुषा प्रहरीले सो मोटरसाइकल फेला पार्न सकेको छैन ।

मोटरसाइकल चोरी भएको भन्दै मंगलबार पीडित शशीभुषण चौधरीले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुर िसमेत दर्ता गराएका छन् ।

यता धनुषा प्रहरीले चोरी मोटरसाइकलको व्यापक रुपमा खोजतलास जारी रहेको जनाएको छ ।

# रेडियो सञ्चालक महतो र ठाकुरको शवसहित कार भेट्यो

**टुडे समाचारदाता**

गौशाला । सर्लाहीको ईश्वरपुर नगरपालिका-२, भक्तिपुर मियाँखोरमा मंगलबार पोखरीमा डुबेको कारबाट दुई जनाको शव फेला परेको छ ।

जिल्लाको मियाँखोरस्थित सडक छेउमा रहेको सरस्वती माध्यमिक विद्यालयको पोखरीमा बयलवासबाट महोत्तरीको गौशालातर्फ गइरहेको लु २ च ६७५८ नम्बरको कार अनियन्त्रित



भइ खस्दा कार चालक महोत्तरीका गौशाला नगरपालिका-२ का ३७ वर्षीय सुरेश महतो र कारमा सवार महोत्तरीका सोनमा गाउँपालिका-८ का ३७ वर्षीय रामाकान्त ठाकुर बेपत्ता भएका थिए । महतो रेडियो गौशालाका संचालक हुन् ।

बेपत्ता महतो र ठाकुरलाई पोखरीभित्र डुबेको कारबाट मृत अवस्थामा बाहिर निकालिएको इलाका प्रहरी कार्यालय बयलवासका प्रहरी निरीक्षक उमाकान्त जोशीले जानकारी दिए । सशस्त्र प्रहरी बल नेपालको बर्दिबासस्थित छिन्नमस्ता बाहिनीबाट आएको गोताखोर टोलीले पानीमा डुबेको कारभित्रबाट दुवै जनाको शव निकालेको थियो ।

मृतक दुवै जनाको शव घटनास्थलको प्रकृति मुचुल्का गरी पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको प्रहरी निरीक्षक जोशीले बताए । कारमा सवार गौशाला नगरपालिका-२, का ३१ वर्षीय जनक यादव भने सकुशल बाहिर निस्कन सफल भएको सर्लाही प्रहरीले जनाएको छ ।

पोखरीबाट बाहिर निस्कन सफल कारमा सवार जनक यादवले स्थानीयलाई जानकारी गराएपछि बिहान ४ बजेपछि प्रहरीको टोली घटनास्थलमा पुगेको थियो ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८